# सञ्चय कोष
न्यूजलेटर

सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

कर्मचारी सञ्चय कोष गौरवमय ६१ वर्ष प्रवेश

विशेष अङ्क | वर्ष १० | अङ्क ३८ | २०७९ भाद्र ३१ |


# कर्मचारी सञ्चय कोष ६१औं वर्षमा प्रवेश

- कुल स्रोत रू ४५९ अर्ब ४३ करोड
- कुल लगानी रू ४४८ अर्ब ६४ करोड
- सञ्चयकर्ता आबद्धता ५ लाख ५५ हजार
- कोषको कर्मचारी दरबन्दी ५१५
- शाखा कार्यालयः ८, सेवा केन्द्रः ३
- ब्याज प्रदान ८%
- सामाजिक सुरक्षा रकम प्रदान ४४ करोड ७७ लाख
- मुनाफा वितरण ३ अर्ब १९ करोड



चुनौतिपूर्ण बनेको वर्तमान आर्थिक तथा वित्तीय वातावरणमा कोषले सञ्चयकर्ताको सामाजिक सुरक्षा प्रदायकको भूमिका प्रभावकारी ढंगले पूरा गर्दै देशको आर्थिक वृद्धि तथा वित्तीय स्थायित्व कायम गर्न थप सकारात्मक योगदान गर्नु पर्दछ ।

**– अर्थमन्त्री जनार्दन शर्मा "प्रभाकर"**



सन्तुष्ट ग्राहक, चुस्त र मितव्ययी संरचना, पारदर्शी र वैज्ञानिक कार्यप्रणाली, गतिशील र सक्षम नेतृत्व तथा स्व-उत्प्रेरित र अनुशासित कर्मचारी नै सफल संगठनका आधारभूत तत्वहरू हुन् ।

**– अध्यक्ष कृष्णहरि पुष्कर**



संस्थागत सुशासनलाई मजबुत बनाउनु कोषको अहिलेको आवश्यकता रहेको छ र कोषका आगामी सम्पूर्ण गतिविधिहरु यसैतर्फ निर्देशित हुनेछन् भन्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**– नि. प्रशासक जितेन्द्र धिताल**

**कर्मचारी सञ्चय कोष स्थापनाको ६१ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव प्रतिवद्ध रहने सङ्कल्प सहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय, प्रभावकारी तथा प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि गर्ने प्रतिवद्धता सहित सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

# सम्पादकीय

सञ्चयकर्ताको सेवामा निरन्तर समर्पित कर्मचारी सञ्चय कोष आजबाट ६० वर्ष पूरा गरी ६१ वर्षमा प्रवेश गरेको छ । सञ्चयकर्ताको बृहत्तर हित र सन्तुष्टिप्रति दृढ सङ्कल्पित कोषले मुलुकको सामाजिक सुरक्षाको क्षेत्रमा ठूलो टेवा पुऱ्याइरहेको विषय जगजाहेर नै छ । सञ्चयकर्ताको मासिक रुपमा कट्टी हुने सञ्चित रकम सुरक्षित तवरले जम्मा गर्ने उद्देश्यले स्थापित कोषको भूमिका र कार्यक्षेत्रमा हाल आएर व्यापक परिवर्तन हुनुका साथै कोष प्रतिको अपेक्षामा पनि वृद्धि भएको छ । २०७६ श्रावण १ पछि स्थायी नियुक्ति हुने तीनवटै तहका सरकारी सेवाका राष्ट्र सेवक कर्मचारीका अतिरिक्त सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका तथा नेपाल सरकारको आर्थिक अनुदानमा सञ्चालन हुने सबै सार्वजनिक निकायका कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण योजना सञ्चालन गर्ने जिम्मेवारी पाए पछि कोष अब सञ्चय कोष तथा निवृत्तभरण कोष व्यवस्थापन गर्ने निकायको रुपमा रुपान्तरित भएको छ । हाल कोषमा ५ लाख ५५ हजार सञ्चयकर्ता तथा ४५ हजार ८ सय योगदानकर्ताबाट जम्मा भएको रु. ४५९ अर्ब ४३ करोड कुल स्रोत रहेको छ र कोषले यस स्रोतको सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरी प्राप्त प्रतिफल सञ्चयकर्तामा समानुपातिक रुपले वितरण गर्दै आइरहेको छ ।

कोषले सञ्चयकर्ताको सेवाकालीन आवश्यकतालाई पूरा गर्नको लागि विभिन्न सापटी, तथा धितोमा आधारित कर्जा जस्ता सुविधा प्रदान गरिरहेको छ । सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम र योजनाका साथ अघि बढिरहेको कोषले आफ्ना अधिकांश काम कारवाहीहरु प्रविधिमा आधारित बनाउँदै लगेको छ । सञ्चयकर्ता कर्मचारीको कोषकट्टी फाँटवारी अनलाईन प्रणाली (CGAS) मार्फत प्राप्त गर्ने व्यवस्था, online विशेष सापटी प्रवाह तथा covid को समयमा work form home मार्फत विशेष सापटी प्रवाहको व्यवस्था, NCHL को Connect-IPS प्रणाली मार्फत सम्पूर्ण सञ्चयकर्ता सापटी तथा सामाजिक सुरक्षा अन्तर्गतको रकम भुक्तानी गर्न सक्ने व्यवस्था, सञ्चयकर्तालाई विद्युतीय परिचयपत्र वितरणको शुरुआत आदि व्यवस्था मार्फत कोषले सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई बढावा दिइरहेको छ ।

त्यसैगरी सामाजिक सुरक्षाका विभिन्न योजनाहरु मार्फत अग्रणी सामाजिक सुरक्षा प्रदायक संस्थाको भूमिका निर्वाह गरिरहेको छ । आर्थिक वर्ष २०७८/७९ को अवधिमा मात्रै सञ्चयकर्ता स्वास्थ्योपचार योजना, दुर्घटना क्षतिपूर्ति योजना, काजक्रिया अनुदान, सत्केरी तथा शिशु स्याहार कार्यक्रम लगायतका सामाजिक सुरक्षा सुविधा अन्तर्गत २२ हजार ९६५ सञ्चयकर्ता तथा सञ्चयकर्ताको हकवाला समेतलाई गरी रु.४४ करोड ७६ लाख भन्दा भन्दा बढी सामाजिक सुरक्षा सुविधा प्रदान गरिएको छ ।

अन्त्यमा, कोषको ६१औं वर्ष प्रवेशको यस पुनित अवसरमा कोष परिवारको उत्तरोत्तर प्रगतिका साथै कोषको श्रीवृद्धिका लागि शुभकामना दिनुहुने सम्पूर्ण शुभेच्छुक एवम् सरोकारवालाहरु, कोषका पूर्व कर्मचारी तथा यस क्रममा रचनात्मक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । अन्त्यमा, कोषको ६ दशक लामो यात्राका क्रममा हरदम साथ, सहयोग र समर्थन प्रदान गरिरहने नेपाल सरकार, समस्त सञ्चयकर्ता र शुभचिन्तकहरुप्रति कर्मचारी सञ्चय कोष सदा कृतज्ञ रहने प्रतिवद्धता जाहेर गर्दछौं ।

## कोषले देशको आर्थिक वृद्धि तथा वित्तीय स्थायित्व कायम गर्न थप सकारात्मक योगदान गर्नुपर्ने : अर्थमन्त्री



माननीय अर्थमन्त्री जनार्दन शर्मा "प्रभाकर"ले कोष ६१औं वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारलाई बधाई तथा कोषको प्रगतिको लागि शुभकामना सन्देश दिनु भएको छ ।

उहाँले ६० वर्ष लामो यात्रा पूरा गरिसकेको मुलुककै जेठो सामाजिक सुरक्षा संस्थाको रुपमा रहेको कोषले करिब ४५९ अर्ब वित्तीय स्रोतको व्यवस्थापन गर्दै वित्तीय क्षेत्रको सबैभन्दा ठूलो संस्थाको रुपमा पहिचान राख्न सफल रहेको बताउनु भयो । वित्तीय बजारमा आएको उतारचढाव तथा सूचना प्रविधिको क्षेत्रमा भईरहेको विकास माझ वित्तीय स्रोतको व्यवस्थापन र सञ्चयकर्ता सेवाको दृष्टिकोणबाट कोषका गतिविधि उल्लेख्य रुपमा अघि बढिरहेकोमा उहाँले सन्तोष व्यक्त गर्नु भयो । आगामी दिनमा सञ्चयकर्तालाई प्रदान गरिने सेवा तथा सुविधाहरुको पुनरावलोकन गर्दै तिनीहरुको प्रभावकारितामा अभिवृद्धि गर्दै जाने विश्वास उहाँले लिनु भएको छ ।

सरकारी तथा सार्वजनिक निकायका कर्मचारीहरुको लागि लागू गरिएको योगदानमा आधारित निवृत्तभरण प्रणालीको व्यवस्थापनको जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई प्रदान गरिसकिएको सन्दर्भमा सबै सार्वजनिक निकायलाई कर्मचारी सञ्चय कोषको कार्यक्षेत्रमा यथाशीघ्र समावेश गर्न कोषलाई सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्नु भयो ।

चुनौतिपूर्ण बनेको वर्तमान आर्थिक तथा वित्तीय वातावरणमा कोषले सञ्चयकर्ताको सामाजिक सुरक्षा प्रदायकको भूमिका प्रभावकारी ढंगले पूरा गर्दै देशको आर्थिक वृद्धि तथा वित्तीय स्थायित्व कायम गर्न थप सकारात्मक योगदान गर्नुपर्ने कुरामा उहाँको जोड थियो । यसक्रममा कोषले स्वःनियमनकारीको भूमिकासमेत निर्वाह गर्दै अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्थाले जारी गरेका मार्गदर्शन तथा अन्य सामाजिक सुरक्षा प्रदायक संस्थाहरुले अवलम्बन गरेका असल अभ्यासहरुको अनुशरण गर्दै संस्थागत सुशासन लगायत समग्र क्षेत्रमा आफूलाई अब्बल सावित गर्ने विश्वास राख्नु भयो ।

माननीय अर्थमन्त्रीले कोष ६१औं वर्षमा प्रवेश गरेको अवसरमा कोष परिवारमा थप उर्जा प्राप्त होस् र सो उर्जा कोषको संस्थागत सुदृढीकरण र विकासमा उपयोग भई कोषको भूमिका सञ्चयकर्ता, सरकार तथा अन्य सरोकारवालाको अपेक्षा अनुरुप थप प्रभावकारी, परिणाममुखी र विश्वसनीय हुन सकोस् भन्ने शुभकामना पनि व्यक्त गर्नुभयो ।

## सूचना प्रविधि मार्फत् सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउनु जरुरीः अध्यक्ष पुष्कर



कर्मचारी सञ्चय कोषको ६१ औं वार्षिकोत्सवको अवसरमा कोषको सञ्चालक समितिका अध्यक्ष कृष्णहरि पुष्करले कोषमा आबद्ध सम्पूर्ण सञ्चयकर्ता तथा योगदानकर्ता, सञ्चय कोष तथा निवृत्तभरण कोषकट्टी गर्ने कार्यालय, कोषका वर्तमान तथा पूर्व कर्मचारी एवम् पदाधिकारीहरु लगायत सबै सरोकारवालाहरु प्रति बधाई तथा शुभकामना व्यक्त गर्न भएको छ । सार्वजनिक क्षेत्रको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा कोषमा सङ्कलित सञ्चय कोष तथा निवृत्तभरण कोषको कुशल व्यवस्थापन गर्दै सञ्चयकर्तालाई निरन्तर सुधार सहितको सेवा तथा सामाजिक सुरक्षा प्रदान गरी मुलुकको सुदृढ तथा विश्वसनीय संस्थाको रुपमा स्थापित भएको आफूले महसुस गरेको उहाँले बताउनु भयो ।

सञ्चयकर्ताको सन्तुष्टि र समृद्धिको लागि सेवा प्रवाहमा समसामयिक सुधारको साथै वित्तीय स्रोतको समुचित परिचालन गरी सञ्चयकर्तालाई थप सुविधा तथा प्रतिफल प्रदान गर्ने प्रमुख जिम्मेवारीप्रति सञ्चालक समिति सदैव सचेत र प्रतिबद्ध रहेको जनाउँदै वित्तीय स्रोतको दिगो परिचालान गरी कोषले पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानीको माध्यमबाट मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउन समेत जरुरी रहेको कुरा बताउनु भयो । सूचना प्रविधिको उपयोगको माध्यमबाट सेवाग्राहीप्रतिको सेवालाई गुणस्तरीय, सरल र सहज बनाउनु समेत जरुरी रहेको बताउदै सञ्चयकर्ताले सञ्चित गरेको रकमको सुरक्षा र सही परिचालन गरी उच्चतम प्रतिफल प्रदान गर्नुका साथै वहाँहरुले प्राप्त गर्ने सापटी र बीमा लगायतका सुविधालाई थप प्रभावकारी बनाउन सञ्चालक समिति प्रतिबद्ध रहेको जनाउनु भयो । स्वःनियमनका विधिहरुको पूर्ण पालना सहित जोखिम व्यवस्थापन, संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई समेत थप प्रभावकारी र परिणाममुखी बनाउनु आवश्यक रहेको जनाउनु भयो ।

सन्तुष्ट ग्राहक, चुस्त र मितव्ययी संरचना, पारदर्शी र वैज्ञानिक कार्यप्रणाली, गतिशील र सक्षम नेतृत्व तथा स्व-उत्प्रेरित र अनुशासित कर्मचारी नै सफल संगठनका आधार भूत तत्वहरू हुन् भन्दै कोष ६१औं वर्षमा प्रवेश गर्दै गर्दा कोषको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनमा क्रियाशील रहन सञ्चालक समिति, व्यवस्थापन लगायत सबै कर्मचारीमा थप उर्जा प्राप्त हुने विश्वास लिनु भयो ।

## सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै सञ्चयकर्ताको हित र सन्तुष्टिप्रति कोष प्रतिबद्धः निमित्त प्रशासक धिताल



कोषको ६१औं वार्षिक उत्सवका अवसरमा निमित्त प्रशासक जितेन्द्र धितालले सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारप्रति शुभकामना व्यक्त गर्नु भएको छ। सो अवसरमा धितालले सञ्चयकर्ताको योगदान रकमको कुशल व्यवस्थापन तथा परिचालनबाट प्राप्त प्रतिफलको न्यायो चित वितरण र सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै सञ्चयकर्ताको हित र सन्तुष्टिप्रति कोषका क्रियाकलापहरु सदैव परिलक्षित रहने प्रतिवद्धता पनि व्यक्त गर्नु भयो ।

कोषलाई मुलुककै एक सुदृढ, सफल र विश्वसनीय संस्थाको रुपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान व्यक्त गर्नु भयो । साथै सञ्चयकर्ताको हित र कोषको संस्थागत विकासमा निष्ठापूर्वक अनवरत योगदान गर्नुहुने सम्पूर्ण सरोकारवालाका साथै कोषका सम्पूर्ण लगनशील कर्मचारी तथा क्रियाशील कर्मचारी संगठनहरुलाई हार्दिक धन्यवाद दिनु भयो । साथै कोषको यो ६ दशक लामो यात्राका क्रममा आवश्यक निर्देशन, सल्लाह र सुझाव प्रदान गरी मार्ग दर्शन गरिरहने नेपाल सरकारप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो ।

कार्यक्रममा कोषलाई एकीकृत अवकाश कोषमा रुपान्तरण गरी सरकारी एवम् सार्वजनिक क्षेत्रको सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियतमा उपलब्ध वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापूर्ण परिचालन गर्नु पर्नेमा उहाँको जोड थियो । उहाँले सञ्चयकर्ता सेवा प्रवाहलाई अझ गुणस्तरीय तथा प्रभावकारी र प्रविधिमैत्री बनाई सम्पूर्ण सेवाग्राहीहरुको सन्तुष्टिमा अभिवृद्धि गर्नु पर्ने बताउनु भयो । सूचना प्रविधिको अधिकतम् उपयोग, असल कार्य संस्कृतिको विकास, कार्य सम्पादनमा सुधार एवम् अन्य निकायहरुसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्नु र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सबल र सुदृढ बनाई वित्तीय कारोबारलाई थप विश्वसनीय तथा गुणस्तरीय बनाउदै लैजानु पर्ने जनाउनु भयो । संस्थागत सुशासनलाई मजबुत बनाउनु कोषको अहिलेको आवश्यकता रहेको जानकारी गराउदै यसतर्फ कोषका आगामी सम्पूर्ण गतिविधिहरु निर्देशित हुनेछन भन्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

# ६ दशक लामो यात्रा, ४५९ अर्ब बढी रकम परिचालन



कोषले आफ्नो ६१औं वार्षिकोत्सव भव्य रुपमा मनाउने तयारी गरिरहेको छ । विगत दुई वर्ष कोभिड-१९ को जोखिमका कारण भर्चुअल माध्यमबाटै गर्ने गरिएको कार्यक्रम यो पटक भने राष्ट्रिय सभा गृहमा गर्न लागिएको छ । हरेक वार्षिकोत्सव विभिन्न कार्यक्रम र हर्षोल्लासका साथ गर्ने गरिएकोमा लगातार दुई वर्ष वैकल्पिक माध्यमबाट गर्नु पर्ने अवस्था सिर्जना भएको थियो । त्यसै गरी यसपूर्वका दुई वर्ष विविध अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रम पनि सम्पन्न हुन सकेका थिएनन् यस पटक भने विभिन्न खेलकुद कार्यक्रम तथा अन्य अतिरिक्त कार्यक्रम समेत सञ्चालन गरी ६१औं वार्षिकोत्सव धुमधामसँग मनाइएको हो ।

ललितपुर जिल्ला, ललितपुर महानगर पालिकाको पुल्चोकमा केन्द्रीय कार्यालय रहेको कोषले ७ वटै प्रदेशका विभिन्न ८ स्थानमा शाखा कार्यालय तथा ३ स्थानमा सेवा केन्द्रहरु सञ्चालन गरी सबै क्षेत्रका सञ्चयकर्तालाई स्थानीयस्तरमै सेवा प्रवाह गर्दै आइरहेको छ ।

करिब ५ लाख ५५ हजार सञ्चयकर्ताको सञ्चय कोष र निवृत्तभरण कोषको रुपमा सङ्कलित रु.४१९ अर्ब ५३ करोड सहित कुल रु.४५९ अर्ब ४३ करोड वित्तीय स्रोतको परिचालन गर्ने यस कोष मुलुकको अग्रणी र ठूलो वित्तीय एवम् सामाजिक सुरक्षा प्रदायक संस्थाको हैसियत कायम राख्न निरन्तर सफल हुँदै आएको छ ।

नेपाल सरकारको विभिन्न सेवाका कर्मचारी लगायत संगठित संस्था एवम् निजी क्षेत्रका कर्मचारी तथा कामदारहरुको सञ्चय कोष व्यवस्थापन गर्ने उद्देश्यबाट कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरुप कर्मचारी सञ्चय कोषको स्थापना वि.सं. २०१९ भाद्र ३१ गते भएको थियो । स्थापनाको ६ दशक लामो यात्रा पार गरी आजको अवस्थासम्म आइपुग्दा कर्मचारी सञ्चय कोषले विभिन्न आरोह अवरोहहरु पार गर्नुपरेको छ । आफ्नो स्थापना कालदेखि सञ्चय कोष योगदानको मात्र व्यवस्थापन गर्दै आएको कोषले निवृत्तभरण कोष ऐन, २०७५ जारी भएपछि योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन गर्ने जिम्मेवारी समेत प्राप्त गरी त्यसको व्यवस्थापन गरिरहेको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको नवौं संशोधनले नेपाल सरकार र संगठित संस्थाका कर्मचारी, अन्य कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको निमित्त समेत सञ्चय कोष, निवृत्तभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषहरु सञ्चालन गर्न सक्ने गरी कोषको कार्यक्षेत्र र दायरा विस्तार भएको छ ।

निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको अधिकार समेत कोषलाई प्रदान गरिएको छ । कोषको ऐतिहासिक पृष्ठभूमिको कुरा गर्दा सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले वि.सं. १९९१ मा सैनिक द्रव्य कोष स्थापना भएको थियो । यस व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं. २००१ मा निजामती प्रोभिडेन्ट फण्डको व्यवस्था गरियो । सञ्चय कोष सम्बन्धी भएका यी दुवै व्यवस्थालाई एकीकृत गरी वि.सं.२०१७ सालमा अर्थ मन्त्रालय अन्तर्गत कर्मचारी सञ्चय कोष विभागको स्थापना गरियो । मुलुकमा सञ्चय कोषको व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले वि.सं. २०१९ भाद्र ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीका कर्मचारी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा वर्तमान कर्मचारी सञ्चय कोषको स्थापना भएको हो ।

नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको सञ्चय कोष व्यवस्थापन गर्दै आएको कोषले २०३६ सालदेखि शिक्षकहरुको र २०४८ सालदेखि निजी क्षेत्रका संगठित संघ संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरुलाई आफ्नो दायरामा समाहित गरेको हो । स्थापना कालमा करिब २७ हजार सञ्चयकर्ताको करिब रु.३७ लाखको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको कोषले २०७९ असार मसान्तसम्म करिब ५ लाख ५५ हजार सञ्चयकर्ताको रु. ४१६ अर्ब ३६ करोड सञ्चय कोष र रु. ३ अर्ब १७ करोड निवृत्तभरण कोष समेत गरी कुल रु. ४५९ अर्ब ४३ करोड स्रोतको व्यवस्थापन गर्दै आएको छ ।

योगदानमा आधारित निवृत्तभरण योजनामा २०७९ आषाढ मसान्तसम्म कुल १ हजार ९ सय ५० कार्यालयका ४५ हजार ८ सय ५० योगदानकर्ताको रु. ३ अर्ब १७ करोड योगदान रकम कोषमा सञ्चित भएको छ । त्यसैले दीर्घकालीन स्रोत परिचालनको दृष्टिकोणबाट कोष मुलुकको बृहद् वित्तीय संस्थाको रुपमा स्थापित भई सकेको छ ।

# खेलकुद कार्यक्रम सम्पन्न

कोषले आफ्नो ६१औं वार्षिकोत्सवलाई हर्षोल्लासपूर्ण रुपमा मनाउने सिलसिलामा कोषको खेलकुद समितिले विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरेको छ । कोषमा कार्यरत कर्मचारीहरुबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले यहि २०७९ भाद्र १७ देखि शुरु भएको खेलकुदका कार्यक्रमहरु भाद्र २७ सम्म सञ्चालन भएका थिए ।

कोषको वार्षिकोत्सवलाई भव्यताका साथ मनाउने क्रममा आयोजना भएका खेलकुदका कार्यक्रमहरुमा हाजिर जवाफ, स्वेच्छिक प्रस्तुति, टेबल टेनिस, चेस, भलिबल र ब्याडमिन्टन रहेका थिए । केही झलकहरु:












# प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको बैठक सम्पन्न

योजना, अनुगमन तथा जोखिम विश्लेषण विभाग र आर्थिक प्रशासन विभागको आयोजनामा कोषको आ.व. २०७८/७९ को स्वीकृत बजेट तथा वार्षिक विशेष कार्यक्रमको चैत मसान्तसम्मको प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको बैठक २०७९ जेठ २८ र २९ गते काठमाण्डौको चन्द्रागिरीमा सम्पन्न भयो । कार्यक्रममा कोषका प्रशासक, सह-प्रशासक, सबै विभागका विभागीय प्रमुख, वरिष्ठ प्रबन्धक तथा प्रबन्धक एवम् शाखा कार्यालय/सेवा केन्द्रका प्रमुख तथा कोषमा क्रियाशील कर्मचारी सङ्गठनका प्रतिनिधिको उपस्थिति थियो । उक्त कार्यक्रममा आ.व.२०७८/७९को विशेष कार्यक्रम तथा बजेटको २०७८ चैत मसान्तसम्मको प्रगतिको समीक्षा गरिएको थियो । त्यसैगरी आ.व. २०७९/८० को प्रस्तावित बजेट माथिको छलफल तथा चालू आर्थिक वर्षको विशेष कार्यक्रमको प्रगति समीक्षा र कोषको सुदृढीकरण एवम् संस्थागत सुशासनमा कोषमा क्रियाशील युनियनहरुको भूमिका विषयको प्रस्तुतीकरण, वरिष्ठ कार्यकारी मञ्चको दुईवटा समूहको प्रस्तुतीकरण र शाखा कार्यालयहरुको तर्फबाट एउटा प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रमको शुरुआतमा कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका तत्कालीन मुख्य प्रबन्धक भरतराज वस्तीले स्वागत मन्तव्य दिनुभएको थियो । उहाँले सबै सहभागीहरुको सक्रिय सहभागितामा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने कुरामा जोड दिनुभयो । हरेक विभाग तथा शाखाहरुको समस्या एवम् सवालहरूका साथै समाधानका वैकल्पिक उपायहरु पनि लिएर आउन तथा विभागहरुलाई अन्तर विभाग समूह कार्यका आधारमा अगाडि बढ्न उहाँले सुझाव दिनुभयो । कर्मचारी संगठनहरुसँग हरेक विभाग सम्बद्ध सवालहरूमा छलफल गर्नुपर्ने र यसमा उनीहरुको पनि जिम्मेवार र परिपक्व भूमिकाको अपेक्षा रहने विषय उहाँले उजागर गर्नुभएको थियो  कार्यक्रममा वरिष्ठ कार्यकारी मञ्चको तर्फबाट दुईवटा समूह (संगठन तथा व्यवस्थापन समूह र सेवा प्रवाह व्यवस्थापन समूह)को कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त दुई वटा कार्यपत्रमा २४ जना सहभागीहरुले आ-आफ्ना टिप्पणी तथा धारणा प्रस्तुत गरेका थिए ।

सो अवसरमा कोषका प्रशासक जितेन्द्र धितालले समय समयमा गरिने यस प्रकारका कार्यक्रमहरुले value add गर्ने भएता पनि कोभिड-१९ लगायतका जटिलताले यस्ता कार्यक्रमहरु समयबद्ध रुपमा सञ्चालन गर्न नसकिएको बताउनु भयो । अब यस्ता कार्यक्रमहरु नियमित रुपमा गर्नुपर्ने कुरामा उहाँको जोड थियो । उहाँले आगामी आ.व.को बजेट कार्यान्वयन सम्बन्धमा तत्काले यस्तै अन्तरक्रिया कार्यक्रम आयोजना गर्न विभागहरुसँग छलफल गर्ने कुरा पनि बताउनुभयो । आगामी आ.व.देखि सञ्चालक समितिबाट समयमै बजेट स्वीकृत गराई विनियोजन गर्ने, सबै विभाग तथा शाखा कार्यालयहरुसँग समयमै कार्यसम्पादन सम्झौता सम्पन्न गर्ने लक्ष्य राखिएको हुँदा चालू आ.व.मा जस्तो बजेट कार्यान्वयनमा रहने जटिलता नरहने विषयमा आफू विश्वस्त रहेको उहाँले बताउनुभयो । उहाँले कोषमा NFRS लागू गरिएको र हाम्रो लेखाङ्कनलाई सुधार गर्नुपर्ने आवश्यकता रहेको जानकारी गराउनुभयो । कोषको वित्तीय विवरणका आधारहरु आधुनिक प्रविधियुक्त, सुधारिएको चुस्त दुरुस्त लेखा प्रणाली, मजबुत तथा प्रविधिमैत्री जनशक्ति व्यवस्थापन, बाह्य प्रणालीसँग Compatible हुने किसिमको strong IT system हुन् र यी सबैका आधारमा कोषको समष्टिगत रुपान्तरण सम्भव हुने उहाँको धारणा थियो ।

उक्त दुवै दिनको कार्यक्रममा सह-प्रशासक जीवन कुमार कट्वालले Moderator को भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले चालू आ.व.को बजेटको समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको समूहगत प्रस्तुति पश्चात् सहभागीहरुका जिज्ञासा तथा टिप्पणीलाई सम्बोधन गर्दै अत्यन्तै महत्वपूर्ण सुझाव र राम्रा पृष्ठपोषणहरु प्राप्त भएका छन्, यी सुझावहरुले value add भएको र बजेटमा केही संशोधन गर्नुपर्ने देखिएको बताउनु भयो । प्राप्त पृष्ठपोषणहरुलाई लिपिबद्ध गरी कार्यान्वयन चरणमा लैजानका लागि उच्च व्यवस्थापनको प्रतिबद्धता पनि प्रकट गर्नुभयो । अब बजेट तर्जुमाका समयमै गहन छलफल गर्नुपर्ने र कार्यान्वयनका क्षेत्रमा देखिएका समस्या पनि क्रमैसँग समाधान गर्दै जानुपर्ने देखिएको बताउनुभयो ।



कार्यक्रममा आर्थिक प्रशासन विभागको तर्फबाट विभागीय प्रमुख ठाकुरजंग थापाले आ.ब. ०७८/७९ को बजेटको समीक्षा र ०७९/८० को प्रस्तावित बजेटको बारेमा संक्षिप्त जानकारी गराउनुभयो । उहाँले बजेट केन्द्रहरुबाट प्राप्त Input का आधारमा बजेट तयार गरिएको जानकारी दिनुभयो । सो अवसरमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलले चालु आ.व. मा विभागस्तरमा ८४ वटा विशेष कार्यक्रम रहेकामा २०७८ चैत्र मसान्तसम्ममा ५६ प्रतिशत प्रगति हासिल भएको र शाखा कार्यालयतर्फ तीन वटा शीर्षकमा दिइएका कार्यक्रमहरुमा ७५ प्रतिशत प्रगति भएको जानकारी प्रदान गर्नुभएको थियो । कोषको निर्धारित लक्ष्य प्राप्त गर्नका लागि विभिन्न विभाग तथा शाखा कार्यालयहरु एवम् सेवा केन्द्रले निर्धारण गरेका वार्षिक तथा बिशेष कार्यक्रमहरु कार्ययोजना बमोजिम सञ्चालन भएको छ छैन भनी समग्र अध्ययन र विश्लेषण गरी आगामी दिनहरुका लागि कार्यदिशा तय गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । कोषको विभिन्न विभाग तथा शाखा कार्यालयहरुको बार्षिक लक्ष्य तथा कार्यक्रमहरुको कार्यान्वयनलाई प्रभावकारी तथा नतिजामुखी बनाउनु यो कार्यक्रमको ध्येय रहेको थियो ।

# विभागीय प्रमुखसँग कार्यसम्पादन सम्झौता



कोषका प्रशासक र विभागीय प्रमुखहरूबीच २०७९ असार २७ गते आर्थिक वर्ष २०७९/८० का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। कोषको सबै विभागका विभागीय प्रमुखहरूसँग आर्थिक वर्ष २०७९/८० का लागि प्रत्येक विभागको वार्षिक कार्ययोजना अनुरुपको कार्यसम्पादन लक्ष्य सहितको कार्यसम्पादन सम्झौता सम्पन्न भएको हो । उक्त कार्यसम्पादन सम्झौतामा विभागले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु, क्रियाकलापहरु, लक्ष्य, मूल्याङ्कन सूचक र समयसीमा समेटिएका छन्। उक्त कार्यसम्पादन सम्झौतामा सह-प्रशासक जीवन कुमार कट्वालको रोहबरमा निमित्त प्रशासक जितेन्द्र धितालले पहिलो पक्षका रुपमा तथा कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका तत्कालीन विभागीय प्रमुख भरतराज वस्ती, सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख रोचन श्रेष्ठ, लेखापरीक्षण विभागका विभागीय प्रमुख ध्रुव भट्टराई, निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी, सञ्चयकर्ता कर्जा विभागका विभागीय प्रमुख दिनेश कुमार के.सी., भवन तथा आवास व्यवस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्य, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ठाकुरजंग थापा, मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी, सूचना प्रविधि विभागका विभागीय प्रमुख सुवाष खड्का, कोष व्यवस्थापन विभागका विभागीय प्रमुख दर्शन भट्टराई र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलले दोश्रो पक्षका रुपमा हस्ताक्षर गर्नुभएको थियो । उक्त सम्झौतामा सम्बन्धित विभागको वार्षिक कार्यप्रगति विवरणको अनुगमन तथा मूल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा सहप्रशासक द्वय सदस्य र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख सचिव रहेको एक मूल्याङ्कन समिति रहने व्यवस्था गरिएको छ।

## कोषलाई सम्मान पत्र प्राप्त

कोषलाई अपर तामाकोशी हाइड्रोपावर लिमिटेडले २०७८ चैत्र ५ गते एक समारोहबीच सम्मान पत्र प्रदान गरेको छ। नेपाल विद्युत प्राधिकरणद्वारा स्थापित अपर तामाकोशी हाइड्रोपावर लिमिटेड अन्तर्गत स्वदेशी लगानीमा निर्माण सम्पन्न भएको राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मेगावाट) तथा २२० के.भी. गोंगर खिम्ती प्रसारण लाइन र २२०/१३२ के.भी. नयाँ खिम्ती सबस्टेशनको वित्तीय व्यवस्थापन गर्न कोषले गरेको योगदानको उच्च कदर गर्दै सो सम्मान पत्र प्रदान गरिएको हो।



# शाखा कार्यालय/सेवा केन्द्र प्रमुखसँग कार्यसम्पादन सम्झौता

कोषका प्रशासक र शाखा कार्यालय प्रमुखहरूबीच मिति २०७९ साउन ९ गते आर्थिक वर्ष २०७९/८० का लागि कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । कोषको उपत्यका बाहिरका ८ वटा शाखा कार्यालय र एक सेवा केन्द्रका प्रमुखबीच सम्पन्न भएको उक्त कार्यसम्पादन सम्झौतामा शाखा कार्यालयले सम्पादन गर्नुपर्ने वार्षिक कार्यक्रम, क्रियाकलाप, कार्य प्रगति जस्ता विषयहरू समावेश गरिएको छ । उक्त कार्यसम्पादन सम्झौतामा सह-प्रशासकको रोहबरमा प्रशासकले पहिलो पक्षका रुपमा तथा शाखा कार्यालय पोखराका कार्यालय प्रमुख नगेन्द्र प्रसाद पौडेल, शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख रमेश चन्द्र बेलवासे, शाखा कार्यालय विराटनगरका कार्यालय प्रमुख तेज प्रसाद खनाल, शाखा कार्यालय हेटौंडाका कार्यालय प्रमुख राजेन्द्र लामिछाने, शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख ध्रुव प्रसाद तिवारी, शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख राम प्रसाद लामिछाने, शाखा कार्यालय कोहलपुरका कार्यालय प्रमुख कमल अर्याल, शाखा कार्यालय जनकपुरका निमित्त कार्यालय प्रमुख चिरञ्जीवी पोखरेल र धनकुटा सेवा केन्द्रका प्रमुख दिपेन्द्र सापकोटाले दोश्रो पक्षका रुपमा हस्ताक्षर गर्नुभएको थियो । कार्यसम्पादन सम्झौतामा सेवा प्रवाह (परिमाणात्मक लक्ष्य), सेवा सुधार (गुणात्मक लक्ष्य) र अन्य सुधार गरी तीन समूहमा वार्षिक कार्यसम्पादन लक्ष्यहरु समावेश गरी सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गर्ने, घर सापटीको क्षेत्र विस्तार गर्ने, सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्ने, ज्ञान आदान-प्रदान, भवन निर्माणमा समन्वय, सहयोग र सहजीकरण गर्ने लगायतका १७ वटा कार्यक्रम तय गरिएका छन् ।




# अनलाइन जग्गा रजिष्ट्रेशन शुरू

भूमि व्यवस्थापन तथा अभिलेख विभाग र कर्मचारी सञ्चय कोषबीच जग्गा रोक्का, फुकुवा र धितो पास अनलाइन प्रणालीबाट गर्ने सहमति भएको छ । सञ्चय कोषका सेवाग्राहीका लागि अनलाइन सेवा यही मंसिर १५ गतेबाट सञ्चालनमा आएको छ ।

कोषका सञ्चयकर्तालाई अबदेखि घरजग्गा रोक्का तथा फुकुवा गर्न मालपोत कार्यालय धाउनु नपर्ने भएको छ । कोष र भूमि व्यवस्थापन तथा अभिलेख विभागबीच भएको सहमतिअनुसार अब जग्गा रोक्का/फुकुवा र धितो पास अनलाइन प्रणालीबाट हुनेछ ।

कोष र विभागबीच भूसेवा प्रणालीमार्फत धितो रोक्का/फुकुवा गर्न सम्झौता भएको हो । सम्झौतामा कोषका निमित्त प्रशासक जितेन्द्र धिताल र विभागका महानिर्देशक शेषनारायण पौडेलले हस्ताक्षर गर्नु भएको हो । घर जग्गा रोक्का फुकुवाका लागि मालपोत कार्यालय जानु पर्ने बाध्यता हटेपछि सञ्चयकर्ताको समय र स्रोतको पनि बचत हुने अपेक्षा गरिएको छ ।

# कोषबाट जग्गा खरिद सापटी कार्यक्रम शुरु

कोषले सञ्चयकर्ताहरूलाई जग्गा किन्नका लागि जग्गा खरिद सापटी कार्यक्रम शुरु गरेको छ । **"सञ्चयकर्ता सापटी (सोह्रौं संशोधन) कार्यविधि-२०७८"** स्वीकृत भएसँगै जग्गा किन्न सञ्चयकर्तालाई यो सुविधा प्रदान गर्न लागिएको हो । कोषले यसअघि सञ्चयकर्तालाई घर किन्न र बनाउन पनि सापटी दिँदै आएको थियो । अब जग्गा किन्न १ करोड रुपैयाँसम्म सापटी दिने भएको हो ।

सापटीका लागि कोषमा एक वर्ष वा सोभन्दा बढी समय नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्ता हुनुपर्नेछ । त्यस्तै उमेर वा पदावधिको आधारमा दुई वर्ष सेवाअवधि बाँकी भएका सञ्चयकर्तालाई जग्गा किन्न यो सापटी प्रदान गरिन्छ। यो सापटीको अधिकतम सीमा धितो मूल्याङ्कनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको शुरू तलबमान र सेवा अवधिका आधारमा दस वर्षको तलब वा अधिकतम १ करोड रूपैयाँ हुनेछ ।

तर धितो रहने जग्गाको मूल्याङ्कनबाट कायम भएको मूल्यभन्दा बढी ऋण रकम तथा जग्गा खरिद/बिक्री गर्ने व्यक्ति, सरकारी निकाय वा कम्पनीले निर्धारण गरेको मूल्यभन्दा बढी ऋण प्रदान गरिने छैन । सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नबढ्ने गरी सापटी चुक्ता गर्ने अवधि अधिकतम दस वर्षको हुनेछ। यो सापटीमा ग्रेस अवधि कायम हुने छैन । सापटीको ब्याजदर आर्थिक वर्ष २०७९/८० को लागि १०.२५ प्रतिशत कायम गरिएको छ । पहिले घर सापटी, घरमर्मत सापटी र सरल चक्रकर्जा लिएका सञ्चयकर्ताले त्यस किसिमका सापटी चुक्ता नगरेसम्म यो जग्गा खरिद सापटी पाउने छैनन् । तर, शैक्षिक सापटी लिएका सञ्चयकर्ताले कर्जा नियमित गरेको अवस्थामा भने यो सापटी पाउन सक्नेछन् ।

सञ्चयकर्ताले लिएको जग्गा खरिद सापटी चुक्ता गरेमा पुनः दुईपटक जग्गा खरिद सापटी दिन सकिनेछ। यो सापटी पाउन न्यूनतम् चार मिटरको बाटो भएको जग्गा हुनु पर्नेछ। जग्गाको क्षेत्रफल काठमाडौं उपत्यकामा कम्तीमा तीन आना र उपत्यका बाहिर कम्तीमा आठ धूर वा पाँच आना हुनुपर्छ । जग्गा खरिद कर्जाका लागि पेश गरिने जग्गाको साँध-सीमाना छुट्टिने गरी जमिनबाट कम्तीमा एक फिट उचाइ र कम्तीमा नौ इन्च मोटाइको पक्की पर्खालले सीमाङ्कन भएको हुनु पर्नेछ । त्यस्तै धितो राखिने जग्गा कित्ताकाट गर्नपर्ने भए सञ्चयकर्ताका श्रीमान, श्रीमती वा दुवैको संयुक्त नाममा जग्गा धनीपूर्जा प्राप्त भएको एक महिनाभित्र कोषमा सम्पूर्ण कागजात पेश गर्नुपर्नेछ । जग्गा खरिद सापटीमा आफूले किन्ने जग्गाको स्वामित्व तोकिएको अवधि पूरा भएको हुनुपर्नेछ । सञ्चयकर्ताले सापटी माग गर्दा कोषले तोकिएका कागजात अनिवार्य पेश गर्नुपर्नेछ। यो कर्जाका लागि सञ्चयकर्ता कर्जा विभाग, लगनखेल र कोषका सबै शाखा कार्यालयमा सम्पर्क गरी आवेदन गर्न सकिने छ ।

कोषले कम्तीमा एक वर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिका आधारमा दुई वर्ष सेवा अवधि बाँकी भएका सञ्चयकर्तालाई विभिन्न पाँच किसिमका धितोमा आधारित सापटी प्रदान गर्दै आएको छ । जसमा सञ्चयकर्ता घर सापटी, सञ्चयकर्ता घर मर्मत सापटी, सञ्चयकर्ता शैक्षिक सापटी, सञ्चयकर्ता सरल चक्रकर्जा र सञ्चयकर्ता जग्गा खरिद सापटी पर्दछन् ।


# कर्मचारी सेवा शर्त नियमावली, २०७८ लागू

कोषमा नयाँ सेवा शर्त नियमावली लागू भएको छ । नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८ चैत ३० को बैठकबाट कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ स्वीकृत भई सोही मिति देखि लागू भएको हो ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३० को २ (ग) ले "कोषका अधिकृत र अरु कर्मचारीहरुको नियुक्ति, प्रमोशन, सरुवा, बर्खासी, तलव, भत्ता, निवृत्तभरण,उपदान, बिदा, आचरण, अनुशासन समेत सेवाका शर्तहरु र गठनबारे नियम बनाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गरे बमोजिम कोषले पहिलो पटक २०२६ साल पौष १ गते देखि लागू हुने गरी " कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०२६ नेपाल सरकारबाट स्वीकृत गराई लागू गरेको थियो । पछि लोक सेवा आयोगले जारी गरेको "सार्वजनिक संस्थाका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही" सम्बन्धी विषयहरुसँग तादात्म्यता कायम हुने गरी साविकको कर्मचारी सेवा शर्त नियमावली, २०२६ को सट्टामा "कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०४१ प्रचलनमा ल्याएको थियो । संगठनको आवश्यकता अनुरुप नियमावली संशोधन हुने मान्यतालाई दृष्टिगत गरी २०४१ साल देखि प्रचलनमा रहेको सेवा शर्त नियमावली खारेज गरी "कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०४८" कोषमा प्रचलनमा आएको थियो । कर्मचारी सेवा शर्त नियमावली, २०४८ मा २०७५ सालसम्म एघारौं पटक संशोधन भएको र तीस वर्ष कोषमा प्रचलनमा रहेको थियो ।

अन्तिम पटक २०७५ सालमा भएको एघारौं संशोधन सम्मानित सर्वोच्च अदालतबाट खारेज भए पश्चात् कोष सञ्चालक समितिबाट "कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८" को मस्यौदा तर्जुमा गरी मिति २०७८ साउन १६ मा नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृतिका लागि अर्थ मन्त्रालय मार्फत पेश गरेकोमा नेपाल सरकारबाट मिति २०७८ चैत ३० मा स्वीकृत भई सोही मिति देखि कोषमा लागू भएको छ ।

## iPortal शुरु




कोषले EPF iPortal को शुरुआत गरेको छ । Innovating Digitally Enriched social security मूल नारा सहित iPotal प्रयोगमा आएको हो । यससँगै पुरानो e-service मा देखिएका समस्याको समाधान भई अझ सजिलो र भरपर्दो रुपमा अनलाइनमार्फत सञ्चयकर्ताले कोषको सेवा प्राप्त गर्न सक्नेछन् । iPortal को माध्यमबाट अनलाइन विशेष सापटी, स्वास्थोपचार सुविधा अनलाइनबाटै Apply गर्नसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी यसबाट २०६२ सालदेखि हालसम्म भएको जम्मा कोष रकम र सबै प्रकारका ऋणको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तै सञ्चयकर्ताले Loan Payment Calculation सुविधाको कारण आफूले तिर्न बाँकी ऋणको बारेमा ब्याजसहितको जानकारी प्राप्त गर्न सक्दछन् । साथै अनलाइनबाट विशेष सापटी माग गर्ने तथा आफूले लिएको ऋण Connectips मार्फत तिर्ने सम्बन्धमा जानकारीमूलक manuals समेत राखिएको छ। यसमा २०७६ साल पछि कोषमा आवद्ध भएका सरकारी कर्मचारीको निवृत्तभरणको statement पनि हेर्न सकिने सुविधा छ ।

## ब्याजदरमा परिवर्तन

कोषले २०७९ श्रावण १ गतेदेखि लागू हुनेगरी आर्थिक वर्ष २०७९/८० को लागि लिने र प्रदान गर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ । अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिइने ब्याज ८ प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ९.१० प्रतिशत घर सापटी, शैक्षिक सापटी, घरमर्मत सापटीमा ९.७५ प्रतिशत साथै जग्गा खरिद सापटी र सरल चक्र कर्जामा १०.२५ प्रतिशत ब्याज लिने निर्णय गरिएको छ। तर धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासको पाकेको ब्याजमा ०.२५ प्रतिशतले छुट दिने निर्णय भएको छ ।

| |
|---|
| सञ्चय कोष तथा निवृत्तभरण कोषमा: ८ प्रतिशत |
| विशेष सापटी: ९.१० प्रतिशत |
| घर सापटी: ९.७५ प्रतिशत |
| शैक्षिक सापटी: ९.७५ प्रतिशत |
| घरमर्मत सापटी: ९.७५ |
| सरल चक्र कर्जा: १०.२५ प्रतिशत |
| जग्गा खरिद सापटी: १०.२५ प्रतिशत |

## ४३१ जना कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०७८/२०७९ मा जम्मा ४३१ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । ३६४ जना कर्मचारी स्वदेशी तथा ६७ जना कर्मचारी वैदेशिक तालिममा मनोनयन भई तालिम हासिल गरेका छन् ।



## सामाजिक सुरक्षामा ४४ करोड बढी वितरण

कोषले आर्थिक वर्ष २०७८/७९ मा आफ्ना सञ्चयकर्ताहरुलाई सामाजिक सुरक्षा बापत रु. ४४ करोड बढी रकम प्रदान गरेको छ। कोषले सञ्चयकर्ता स्वास्थ्योपचार, दुर्घटना क्षतिपूर्ति, सुत्केरी तथा शिशु हेरचाह, काजकिरिया खर्च जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ । सुत्केरी तथा शिशु स्याहारमा १९,२५४ सञ्चयकर्तालाई रु. १४ करोड ४४ लाख बढी, काजकिरिया अनुदान स्वरुप ११८९ आश्रित परिवारलाई रु. ४ करोड ७१ लाख र दुर्घटना क्षतिपूर्ति अन्तर्गत ४२४ जना सञ्चयकर्तालाई रु. ८ करोड ४७ लाख बढी रकम वितरण गरिएको छ । त्यस्तै सञ्चयकर्ता औषधोपचार कार्यक्रम बापत २,०९८ जना सञ्चयकर्तालाई १७ करोड १४ लाख प्रदान गरिएको छ।

**दुर्घटना क्षतिपूर्ति: ८ करोड ४७ लाख**

**सुत्केरी तथा शिशुस्याहार: १४ करोड ४४ लाख**

**काजकिरिया खर्च: ४ करोड ७१ लाख**

**सञ्चयकर्ता स्वास्थोपचार: १७ करोड १४ लाख**

# धिताल सह-प्रशासकमा बढुवा



कोषका निमित्त प्रशासक जितेन्द्र धिताल मिति २०७९ साउन १९ गतेदेखि लागू हुने गरी कर्मचारी सञ्चय कोष, सेवा शर्त नियमावली २०७८ को नियम ५० को उपनियम (१) बमोजिम पदाधिकार कायम रहेको कोषको दशौं तह, मुख्य प्रबन्धक (चार्टर्ड एकाउण्टेण्ट) प्रशासन पदबाट एघारौं तह, सह–प्रशासक (मुख्य अधिकृत) प्रशासन पदमा बढुवा हुनुभएको छ ।

## वस्ती सह-प्रशासकमा नियुक्त



कोषको सह-प्रशासकमा भरतराज वस्ती नियुक्त हुनुभएको छ । मिति २०७९ भाद्र १४ को निर्णयानुसार २०७९ भाद्र १५ गतेदेखि लागू हुने गरी उहाँलाई तह ११, का.मु. सह-प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर गरी सह-प्रशासक (मुख्य अधिकृत) कार्य सञ्चालनतर्फको जिम्मेवारी प्रदान गरिएको हो । वस्ती यस अघि कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएको थियो ।

## निवृत्तभरणमा करिब ४६ हजार योगदानकर्ता आवद्ध

कोषमा आ.व.२०७८/७९ सम्म ४५ हजार ८ सय ५० कर्मचारीहरुको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट यो कोष सञ्चालनको जिम्मेवारी पाएसँगै २०७६ साउनबाट रकम जम्मा हुन शुरु भएको थियो । हालसम्म १ हजार ९ सय ५० वटा कार्यालयबाट करिब ३ अर्ब बढी योगदान रकम सङ्कलन भइसकेको छ ।

## पूर्वाधार क्षेत्रमा लगानी

कोषले दीर्घकालीन वित्तीय स्रोतलाई आवास, विद्युत विकास तथा पूर्वाधार क्षेत्रका ठूला एवम् वित्तीय रुपले सम्भाव्य परियोजनाहरुमा लगानी गर्न उच्च प्राथमिकता दिएको छ ।

नेपाल सरकारको "नेपालको पानी जनताको लगानी" अभियान अन्तर्गत समावेश भएको नेपाल विद्युत प्राधिकरणले विकास गर्न लागेको ९९.८ मेगावाट क्षमताको तामाकोशी पाँचौ जलविद्युत आयोजनामा कोषबाट ऋण लगानीगर्ने सन्दर्भमा कोष र प्राधिकरणबीच समझदारी (MOU) भई कर्जा स्वीकृतिको प्रक्रिया अघि बढेको छ । आवास, विद्युत विकास तथा पूर्वाधार क्षेत्रका आयोजनाहरुमा कोषको लगानी अभिवृद्धि गर्ने नीति अनुरुप आर्थिक वर्ष २०७८/७९ मा ७ वटा आयोजनामा कोषले एकल तथा बैंकहरुको सहवित्तीयकरण मार्फत कर्जा प्रवाह गर्ने गरी रु.५ अर्व ५७ करोड कर्जा स्वीकृत गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा कोषबाट कुल रु.५ अर्व ६१ करोडको कर्जा प्रवाह भएकोमा साविकमा ऋण लगानी भई निर्माणाधीन अवस्थामा रहेका रसुवागढी, साञ्जेन, मध्य भोटेकोशी लगायतका सार्वजनिक क्षेत्रबाट प्रवर्द्धित जलविद्युत आयोजनाहरुलाई थप रु.३ अर्व ३२ करोड दीर्घकालीन कर्जा प्रवाह भएको छ । पूँजीबजारका क्षेत्रमा कोषको लगानी अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०७८/७९ मा विभिन्न संस्थाको संस्थापक शेयरमा कुल रु.७८.२५ करोड थप लगानी गरिएको छ भने विभिन्न वाणिज्य बैंकहरुबाट जारी भएको डिबेञ्चरमा कुल रु.१ अर्व ९ करोड थप लगानी भएको छ ।

## निवृत्तभरणमा खनाल



वरिष्ठ प्रबन्धक महेश प्रसाद खनाललाई कायम मुकाम मुख्य प्रबन्धकको जिम्मेवारी सहित निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागमा पदस्थापन गरिएको छ । विभागीय प्रमुख खनाल यस पूर्व कोष व्यवस्थापन विभागमा कार्यरत हुनुहुन्थ्यो ।

## कोषलाई अन्तर्राष्ट्रिय पुरस्कार

कोषले एसोसियसन अफ डेभलपमेन्ट फाइनान्सिङ् इन एसिया एन्ड द प्यासिफिक (एडिएफ्याप)ले प्रदान गर्ने 'टेक्नोलोजी डेभलपमेन्ट' अवार्ड हात पारेको छ ।

कोषले सन् २०२२ का लागि Association of Development Financing institutions in Asia and the Pacific (ADFIAP) कोरोना महामारीको समयमा गरिएको 'वर्क फ्रम होम', डिजिटल प्रविधिमा गरेको प्रगति र डिजिटल माध्यममार्फत सञ्चयकर्तालाई दिइएको अत्याधुनिक सुविधाका कारण सञ्चय कोषलाई सो अवार्ड प्रदान गरिएको हो ।

## असामयिक निधन



कोषमा कार्यरत कर्मचारी उपप्रबन्धक **तारा काफ्ले अर्याल**को २०७८ चैत २२ गते ५५ वर्षको उमेरमा असामयिक निधन भयो । उहाँ २०४४ वैशाख २४ गते सेवामा प्रवेश गर्नु भएको थियो । उहाँका श्रीमान, २ छोरी र १ छोरा हुनुहुन्छ । कोष परिवार दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।

## मुनाफा रकम वितरण

कोषले मुनाफा रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७७/७८ को शुरू सञ्चय कोष मौज्दातमा ०.९० प्रतिशत रकम मुनाफाको रुपमा वितरण गरिएको हो। उक्त रकम मध्ये ६५ प्रतिशत सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा गर्ने र ३५ प्रतिशत सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ।

## करिब ४३ अर्ब कर्जा प्रवाह

कोषले सञ्चयकर्तालाई आ.व. २०७८/७९ मा सञ्चयकर्तालाई विभिन्न शीर्षकमा करिब ४३ अर्ब कर्जा प्रवाह गरेको छ। विशेष सापटी बापत ३० अर्ब २९ करोड ५८ लाख प्रदान गरेको छ। त्यसै गरी घर सापटी बापत रु. ८ अर्ब ९५ करोड ५८ लाख, शैक्षिक ऋण अन्तर्गत ६ करोड ५७ लाख, घर मर्मत सापटीमा ६७ करोड ४७ लाख, सरलचक्र कर्जामा २ अर्ब ३४ करोड, जग्गा खरिद सापटीमा ५० करोड २८ लाख कर्जा प्रवाह गरिएको छ।

## सञ्चयकर्ता घरजग्गा कम्पनीमा श्रेष्ठ



सञ्चयकर्ता घरजग्गा तथा आवास कम्पनी लिमिटेडको प्रमुख कार्यकारीको रुपमा कोषका मुख्य प्रबन्धक विजय कुमार श्रेष्ठलाई मिति २०७९/०१/०२ देखि नियुक्त गरिएको छ। श्रेष्ठ यस अघि भवन तथा आवास व्यवस्थापन विभागमा विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएको थियो।

## सामाजिक उत्तरदायित्व वहन

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरूलाई आर्थिक वर्ष २०७८/७९ मा ७ लाख ५० हजार प्रदान गरेको छ। समता शैक्षिक गुठी, काठमाडौंलाई सामाजिक उत्तरदायित्व अन्तर्गत समता स्कूल काठमाडौंमा अध्ययनरत विद्यार्थीहरुका लागि आवश्यक फर्निचर खरिद गर्नका लागि रु.४ लाख ५० हजार प्रदान गरिएको छ । त्यसैगरी जनसेवा समाज पाँचथरलाई अपाङ्ग, असाहय, गरिब, बिरामी तथा विद्यार्थीहरुलाई सहयोग गर्ने उद्देश्यले रु. १ लाख ५० हजार प्रदान गरिएको र नयाँ नेपाल समाज केन्द्र, काठमाडौंलाई यसै शीर्षक अन्तर्गत विभिन्न जिल्लाका अनाथ, असहाय बालबालिकाहरुको संरक्षण गर्ने तथा तिनीहरुको गाँस, बास, शिक्षा, स्वास्थ्य लगायत खेलकुदका क्षेत्रमा समेत सहयोग गर्ने उद्देश्यले रु.१ लाख ५० हजार आर्थिक सहयोग प्रदान गरिएको छ।

## योगदानमा आधारित निवृत्तभरण कोषमा ९ संस्था आवद्ध

नेपाल सरकारको सङ्घीय तहका कर्मचारीका साथै सार्वजनिक संस्थाका कर्मचारीलाई समेत योगदानमूलक निवृत्तभरणमा आवद्ध गर्ने जिम्मेवारी पाएको कोषले थप ९ वटा संस्थासँग सम्झौता गरेको छ। त्यसरी आवद्ध हुने संस्थामा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोष, सिभिल अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, पोखरा विश्वविद्यालय, एचआइडिसिएल, आरबिबि मर्चेन्ट बैंक, साझा यातायात र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था रहेका छन्।

## अनलाइन कारोबारमा आकर्षण




कोषले शुरुआत गरेका विभिन्न अनलाइन सुविधाको उपयोग गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रुपमा वृद्धि भएको छ। कोषले सेवा प्रवाहलाई सरल र सहज रुपमा वितरण गर्ने उद्देश्यले अनलाइन कारोबारलाई प्राथमिकतामा राखेर अगि बढिरहेको छ । कोषले अनलाइनमा आधारित विशेष सापटी तथा अनलाइनमार्फत नै कोषको सापटी फिर्ता सेवालाई प्राथमिकताका साथ अगि बढाएकोमा आ.व. २०७८/७९ मा जम्मा १ लाख ३६ हजारलाई विशेष सापटी प्रदान गरिएकोमा अनलाइन मार्फत ७९ हजार बढीले सापटी माग गरेका थिए। अर्थात कुल कारोबारको ५८ प्रतिशत भन्दा बढी कारोबार अनलाइनबाट सम्पन्न भएको थियो।

आ.व. २०७८/७९ को असार मसान्त सम्ममा अनलाइन प्रणाली मार्फत कोषको सापटी फिर्ता गर्ने कार्यको लागि ९२ हजार ५ सय बढी कारोबारबाट १० अर्ब ५० करोड बढी रकम सापटी फिर्ता (Deposit) भएको थियो। साथै, कोषले सञ्चयकर्ताको जानकारीको लागि विशेष सापटी भुक्तानी म्यानुअल, २०७७ र अनलाईन मार्फत कोष सापटी फिर्ता भुक्तानी म्यानुअल, २०७७ स्वीकृत गरी अनलाईन कारोबारमा जोड दिएको छ।

## सञ्चालकमा बि.सी. नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक अरुण कुमार बि.सी. नियुक्त हुनु भएको छ। नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७९ असार ७ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को(ख) बमोजिम नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व हुने गरी बि.सी. लाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा सुवेदी नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदी नियुक्त हुनु भएको छ । नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७९ जेठ २६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी सुवेदीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा अधिकारी नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालयका व्यवस्थापन संकायका सहायक डिन (सह-प्राध्यापक) डा. हरि प्रसाद अधिकारी नियुक्त हुनु भएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ भाद्र ६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम सार्वजनिक निकायतर्फबाट प्रतिनिधित्व हुने गरी अधिकारीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा पौडेल नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा बीमा समितिका कार्यकारी निर्देकशक राजु रमण पौडेल नियुक्त हुनु भएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९ भाद्र ६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायतर्फबाट प्रतिनिधित्व हुने गरी पौडेललाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न




सञ्चयकर्ता सेवा प्रवर्द्धन महाशाखाद्वारा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा विभिन्न निकायका कर्मचारीहरूको प्रत्यक्ष सहभागितामा कोषबाट उपलब्ध हुने विविध प्रकारका सेवा सुविधाहरूको बारेमा जानकारी प्रदान गरिएको छ । महाशाखाले आर्थिक वर्ष २०७८/ ७९ मा देहाय बमोजिमका कार्यहरू सम्पन्न गरेको छ :

जिल्ला प्रशासन कार्यालय ललितपुरको समन्वय र सहयोगमा ललितपुर जिल्लास्थित कार्यालयका प्रमुख, प्रतिनिधि एवम् कर्मचारीहरुसँग यही पौष ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

जिल्ला प्रहरी कार्यालय नुवाकोटमा पौष १३ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । जिल्ला प्रहरी कार्यालय, विदुर नुवाकोटको सहयोग र समन्वयमा जिल्ला प्रहरी कार्यालय, विदुर, नुवाकोट र मातहतका अधिकृत तथा जवानहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरुको बारेमा जानकारी प्रदान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

२०७८ पौष १३ गते सशस्त्र प्रहरी बल नेपाल १९ नं गुल्म, विदुर, नुवाकोटको सहयोग र समन्वयमा मातहतका अधिकृत तथा जवानहरूलाई कोषको बारेमा विविध जानकारी प्रदान गरियो । त्यसै गरी पौष १४ गते जिल्ला प्रशासन कार्यालय, नुवाकोटको सहयोग र समन्वयमा नुवाकोट जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुख/लेखा प्रमुख एवम् प्रतिनिधिहरुलाई कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरुको बारेमा जानकारी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

पौष २७ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको सहयोग र समन्वयमा ७ वटै प्रदेशका नेपाल प्रहरीका विभिन्न कार्यालयका लेखा सम्बद्ध प्रहरी कर्मचारीलाई कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरुको बारेमा जानकारी सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

२०७८ फागुन ८ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको सहयोग र समन्वयमा ७ वटै प्रदेशका नेपाल प्रहरीका विभिन्न अधिकृत तथा जवानहरूलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरुको बारेमा जानकारी तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो ।

२०७९ वैशाख २५-२८ सम्म १ नं. सैन्य तालिम केन्द्र नुवाकोटमा, २०७९ जेठ ११-१२ सम्म विशेष फौज वाहिनी एकीकृत तालिम शिक्षालय चितवन मकवानपुरमा र २०७९ असार ०५ राष्ट्रिय प्रहरी प्रतिष्ठान महाराजगञ्जको समन्वयमा लेखा सम्बद्ध कर्मचारीहरुसँग तथा २०७९ असार २९ मा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान, मातातिर्थ काठमाडौंको समन्वयमा प्रहरी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

२०७९ जेष्ठ ४ गते प्रदेश को.ले.नि.का.मा, गण्डकी प्रदेश र को.ले.नि.का. कास्कीको संयुक्त समन्वयमा लेखा सम्वद्ध कर्मचारीहरुसँग, २०७९ जेष्ठ ५ मा शाखा कार्यालय पोखरा र गण्डकी प्रदेश प्रहरी कार्यालयको सहयोग र समन्वयमा ११ जिल्लाका जिल्ला प्रहरी कार्यालय र मातहतका युनिटहरुसँग zoom मार्फत, २०७९ जेष्ठ ५ मा शाखा कार्यालय पोखरा र शिक्षा निर्देशनालय कास्की र जिल्ला शिक्षा एकाइको समन्वयमा शिक्षकहरुसँग, २०७९ जेष्ठ १० मा शाखा कार्यालय हेटौंडा र प्रदेश को.ले.नि.का. वाग्मती प्रदेशको समन्वयमा लेखा सम्वद्ध कर्मचारीहरुसँग, २०७९ जेष्ठ १२ मा को.ले.नि.का. धनुषा जिल्लाको समन्वयमा शाखा कार्यालय जनकपुरको सहयोगमा लेखा सम्वद्ध कर्मचारीहरुसँग, २०७९ जेष्ठ १७ मा प्रदेश को.ले.नि.का. कर्णाली प्रदेश र को.ले.नि.का. सुर्खेतको समन्वयमा र शाखा कार्यालय सुर्खेतको सहयोगमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रममा वित्तीय सुविधा अन्तर्गत, विशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, घर खरिद, घर निर्माण, घर मर्मत, जग्गा खरिद, शैक्षिक सापटी, सरल चक्र कर्जाको प्रक्रिया, ब्याजदर, रकमको सीमा सम्बन्धमा छलफल भयो ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार, काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति, औषधि उपचार खर्च शोधभर्ना सम्बन्धी जानकारी तथा छलफल भयो ।

Loan Repayment कोषबाट लिइएका विभिन्न सापटी तथा ऋणको किस्ता (सावाँ तथा ब्याज) तिर्नको लागि Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंक मार्फत बुझाउँदा ध्यान दिनु पर्ने विषयमा जानकारी प्रदान गरिएको थियो ।

सञ्चय कोष रकम जम्मा, योगदानमा आधारित निवृत्तभरणको लागि योगदान रकम जम्मा गर्ने तरिका तथा प्रक्रिया, UCIN/KYC नम्बर प्राप्त गर्ने तरिका, password बिर्सिएमा कसरी नयाँ password प्राप्त गर्ने भन्ने प्रक्रिया लगायत, Nagarik App, Individual KYC, Office KYC भर्दा ध्यान दिनु पर्ने कुराहरु, KYC भर्दा बैंक खातामा भएको नाम हुबहु मिल्नु पर्ने हुँदा आफ्नो नागरिकता, बैंक खाता, सञ्चय कोष परिचयपत्रमा उल्लिखित नाम एवम् KYC भर्दा उल्लेख हुने नाम थर, जन्म मिति, नागरिकता जारी मिति, National ID Number, PAN, Mobile No, Email, कोषकट्टी शुरु भएको मिति लगायत आफ्नो विवरण एकिन हुनुपर्ने, online प्रणालीमार्फत सापटी लिंदा र तिर्दा आउन सक्ने वा देखिने लगायतका विभिन्न समस्याको बारेमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

# शाखा कार्यालय विराटनगर




## Onsite KYC अद्यावधिक

शाखा कार्यालय विराटनगरद्वारा १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगरमा तालिमरत नयाँ सञ्चयकर्ताको Onsite KYC Update गर्ने कार्य गरियो । सो अवसरमा कोषले प्रदान गर्ने सेवा-सुविधाको बारेमा एक अन्तरक्रिया कार्यक्रम पनि भएको थियो ।

शाखाले कार्तिक २५ मा १ नं. प्रदेश नियन्त्रण प्रहरी गण, दुहवी सुनसरीमा पनि Onsite KYC Update तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । कार्तिक २६ मा १ नं. प्रदेश सशस्त्र प्रहरी गण, रानी, विराटनगरमा Onsite KYC Update तथा कोषले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी प्रदान गरिएको थियो ।

त्यसैगरी २०७९ वैशाख ७ गते श्री १८ नं बाहिनी अड्डा उदयपुरमा ११९ जना सञ्चयकर्ताको KYC Update सहित कोषका गतिविधि सम्बन्धी सामान्य छलफल गरिएको थियो । २०७९ जेठ १५ गते श्री श्रीनाथ गण चारआली झापामा ९९ जना सञ्चयकर्ताको र जेठ १६ गते श्री २ नं. बाहिनी अड्डा इटहरी सुनसरीमा ९९ जना सञ्चयकर्ताको KYC Update गर्ने कार्य सम्पन्न गरेको छ ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय विराटनगरले विभिन्न निकायका कर्मचारीहरूको लागि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । अन्तरक्रिया कार्यक्रमहरूमार्फत् सहभागीहरूलाई कोषबाट उपलब्ध हुने विविध प्रकारका सेवासुविधाहरू बारे जानकारी प्रदान गरिएको थियो । शाखाले २०७९ असार ५ गते कोष तथा लेखा नियन्त्रक कार्यालय सुनसरीको सभाहलमा, असार १० गते राष्ट्रिय शिक्षक संगठन मोरङको विराटनगरस्थित सभाहलमा र असार १७ गते राष्ट्रिय शिक्षक संगठन मोरङमार्फत लालिगुराँस बचत तथा ऋण सहकारी संस्थाको सभाहल बेलबारीमा कार्यक्रम सम्पन्न गरेको थियो । त्यसैगरी २०७८ फागुन २८ गते जिल्ला प्रहरी कार्यालय मोरङ्गको सहयोग र समन्वयमा मातहतका अधिकृत तथा जवानहरूलाई कोषको बारेमा विविध जानकारी प्रदान गरियो । त्यसैगरी २०७८ फागुन २९ गते कोष तथा लेखा नियन्त्रक कार्यालय विराटनगरको सहयोग र समन्वयमा मोरङ्ग जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख/लेखा प्रमुख एवम् प्रतिनिधिहरुलाई कर्मचारी सञ्चय कोषबाट प्रदान हुने विभिन्न सेवा सुविधाहरुको बारेमा सेवा प्रवर्द्धन महाशाखा प्रमुख दिलिपराज पौडेल र शाखा कार्यालय विराटनगरका कार्यालय प्रमुख तेजप्रसाद खनालले कोषले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।



# शाखा कार्यालय पोखरा



## अन्तरक्रिया/अभिमुखीकरण तथा प्रचार प्रसार

२०७९ वैशाख २३ मा तनहुँ जिल्लाको खैरेनीटारस्थित पश्चिम पृतना तालिम शिक्षालय ब्यारेकमा "कर्मचारी सञ्चय कोषबाट प्रवाह भएका सेवा सुविधा र सो को प्रक्रिया सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया" कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सह-सेनानीदेखि सैन्यसम्म विभिन्न दर्जाका गरी १३४ जना सैनिकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा शाखा कार्यालयको तर्फबाट प्रवाह गरिने सापटीहरु, सामाजिक सुरक्षा सुविधाहरु, अवकाश भुक्तानी, कोषकट्टी गरी पठाउने तरिका लगायत विविध सेवा सुविधाबारे जानकारी गराइएको थियो । सहभागीहरुबाट विशेषगरी विद्युतीय माध्यमबाट फाँटवारी पठाउने प्रक्रिया, कोष परिचयपत्र नम्बर प्राप्त गर्ने प्रक्रिया, दोहोरो खाता सिर्जना हुन नदिन ध्यान दिनुपर्ने कुराहरु, खाता एकीकरणको प्रक्रिया व्यक्तिगत तथा कार्यालयको KYC विवरण भर्ने/संशोधन गर्ने प्रक्रिया, विशेष सापटीको लागि Online मार्फत् आवेदन गर्ने तरिका, Connect IPS बाट सापटी चुक्ता गर्ने प्रक्रिया लगायतका विषयमा जिज्ञासा राखिएका थिए ।

त्यसैगरी शाखाले लमजुङ्ग जिल्लास्थित कोषकट्टि गरी पठाउने कार्यालयका लेखा सम्बद्ध कर्मचारीहरुसँग तनहुँ जिल्लास्थित सञ्चयकर्ता कार्यालयका लेखा सम्बद्ध कर्मचारीहरू र सोही जिल्लाको म्याग्दे गाउँपालिका तथा सोही गाउँपालिकाबाट बजेट निकासा लिई तलब खुवाउने कार्यालयका प्रशासनिक प्रमुख, लेखा सम्बद्ध कर्मचारीहरुसँग विभिन्न समयमा अन्तरक्रिया तथा जानकारी प्रदान गरेको छ ।

## KYC Update

शाखा कार्यालयद्वारा २०७९ वैशाख २२ मा तनहुँ जिल्लाको खैरेनीटारस्थित पश्चिम पृतना तालिम शिक्षालय तथा जेठ ६ र ७ गते बाग्लुङ्ग जिल्लास्थित श्री २३ नं बाहिनी अड्डामा गई १५३ जना सैन्य कर्मचारीहरुको Individual KYC update गर्ने कार्य सम्पन्न गरियो । सो अवसरमा उपस्थित सैन्य कर्मचारीहरुलाई कोषले उपलब्ध गराई आएका सेवा सुविधाको बारेमा समेत जानकारी प्रदान गरिएको थियो ।

## सापटीको क्षेत्र विस्तार

यस शाखा कार्यालयको कार्यक्षेत्र अर्न्तगतका जिल्लाहरुमा सञ्चयकर्ता घर सापटीको क्षेत्र विस्तार सम्बन्धी सम्भाव्यता अध्ययन गरी प्रशासक समक्ष सिफारिश सहितको प्रतिवेदन पेश गरेकोमा सो अनुरुप मिति २०७९ असार ३१ गतेको परिपत्र (परिपत्र नं १०९४) बमोजिम स्याङ्जा र तनहुँ जिल्लास्थित विभिन्न क्षेत्रहरुमा सञ्चयर्ता घर सापटीको क्षेत्र विस्तार गरिएको छ ।

## तालिम तथा आन्तरिक ज्ञान आदानप्रदान

शाखा कार्यालय पोखराले २०७९ असार ४ गते शाखा कार्यालयका कर्मचारीहरुको लागि १ दिने Motivational Training कार्यक्रमको आयोजना गऱ्यो । सो कार्यक्रमका प्रशिक्षक पोखरा विश्वविद्यालयका सह-प्राध्यापक डा. दयाराज ढकालले कर्मचारीहरुले कर्तव्यनिष्ठ भई आफ्नो संस्थाको लागि किन अधिकतम योगदान दिनुपर्छ भन्ने सन्दर्भमा विभिन्न जीवनोपयोगी र प्रेरक प्रसंगहरुको चर्चा गर्नुभएको थियो ।

Internal Knowledge Sharing अर्न्तगत २०७९ जेठ २५ गते "Online विशेष सापटी तथा KYC सम्बन्धी" विषयमा, २०७९ जेठ २७ गते "संकलन" विषयमा तथा २०७९ असार ४ गते Fraud Management र KSK-Way Forward, Role of branch offices विषयमा Knowledge Sharing कार्यक्रम गरियो ।



# शाखा कार्यालय सुर्खेत

## जानकारी प्रदान

शाखा कार्यालय सुर्खेतद्वारा असार २९ गते वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा कार्यरत मजदुर तथा उद्योगीहरूलाई कोषमा आवद्ध गर्ने विषय तथा कोषले प्रदान गर्ने सेवा सुविधाबारे जानकारी प्रदान गर्ने उद्देश्यले एक कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघ सुर्खेतका प्रतिनिधि लक्ष्मण कणेल, वीरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख तथा श्रम कार्यालय सुर्खेतका प्रमुख लगायत करिब ९० जनाको उपस्थिति रहेको थियो । सो कार्यक्रममा शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख रामप्रसाद लामिछानेले प्रस्तुतीकरण दिनु भएको थियो ।

## Onsite KYC अद्यावधिक

शाखा कार्यालय सुर्खेतद्वारा सैन्य तालीम केन्द्र लेकवेशीमा Onsite KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो । सो अवसरमा १०० जना सञ्चयकर्ताको KYC अद्यावधिक गरिएको थियो । कार्यक्रममा कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी जानकारी पनि प्रदान गरिएको थियो ।

## भवन निमार्ण कार्य सुचारु

शाखा कार्यालय सुर्खेतको भवन निमार्ण कार्यमा उल्लेख्य प्रगति भएको छ । कोषको सुर्खेत स्थित जग्गामा शाखा कार्यालय भवन, आवास गृह र गार्ड हाउस निर्माणको लागि निर्माण व्यवसायी श्री Sunlight/Y.S.S. J.V वीरेन्द्रनगर, सुर्खेत र कोषबीच २०७७ असार १६ गते सम्झौता भई २०७७ साउन १ गते देखि निर्माण कार्य शुरु गरिएको थियो । केही समयदेखि अवरुद्ध भएको भवन निर्माण कार्य पुनः सुचारु भएको छ ।



# शाखा कार्यालय जनकपुर

## राजविराजमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष शाखा कार्यालय जनकपुरको आयोजनमा ०७८ मंसिर ११ गते प्रहरी तालिम केन्द्र प्रदेश नं. २ राजविराजमा अन्तर क्रिया कार्यकम आयोजना गरियो । त्यसैगरी फागुन १३ गते सशस्त्र प्रहरी बल नेपाल नं. ३९ रिजर्भ गण हेड क्वार्टर, बर्दिवास, महोत्तरी र २०७९ जेठ ०७ गते नेपाली सेनाको बर्द बहादुर गण सिन्धुलीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।




कार्यक्रममा कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरुका सम्बन्धमा, अनलाईन सापटी, माग गर्ने प्रक्रिया र यसले सञ्चयकर्ताहरुलाई मिल्ने फाइदाका बारेमा जानकारी प्रदान गरिएको थियो । यस्ता कार्यक्रमहरुले सञ्चय कोषले प्रवाह गर्ने सेवा सुविधाका बारेमा सञ्चयकर्तालाई पूर्ण जानकारी प्राप्त हुने भएकाले समय समयमा यस्ता कार्यक्रम आयोजना गर्नुपर्ने धारणा सहभागी सञ्चयकर्ताले राखेका थिए ।

त्यस्तै २०७९ जेठ १२ गते मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रको हलमा सम्पन्न भएको अन्तरक्रिया कार्यक्रममा धनुषा जिल्लाका सम्पूर्ण स्थानीय निकाय, कलेज तथा कोषमा आवद्ध प्राईभेट कम्पनीका लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।

## प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठिमा सहभागिता

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आयोजनामा २०७८ चैत्र २५ मा सम्पन्न प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठिमा शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख नवराज पौडेलले सहभागिता जनाउनु भयो ।

मधेश प्रदेशमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण एवम् अपराधिक आर्जनको आँकलन गर्ने उद्देश्यले आधार सर्वेक्षणको TOR र Survey Design सम्बन्धी अन्तरक्रिया भएको थियो ।

# शाखा कार्यालय हेटौडा



## सेवा सुविधाबारे जानकारी प्रदान

शाखा कार्यालय हेटौंडाको आयोजनामा २८ नं वाहिनी सुपारेटार ब्योरकमा मिति २०७९ जेठ १० गते कोषको सेवा सुविधा सम्बन्धमा कार्यालय प्रमुख श्री राजेन्द्र लामिछाने र प्रमुख सहायक मकुन्देव चौधरीबाट प्रशिक्षण प्रदान गरियो । जेठ २० गते प्रदेश को.ले.नि.का मा प्रदेशस्थित मन्त्रालय तथा कार्यालयका लेखा प्रमुखहरुसँग कोषको सेवा सुविधा तथा सेवा प्रवाह सम्बन्धमा प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव धनिराम शर्माको प्रमुख आतिथ्यमा शाखा कार्यालय प्रमुखसहित शाखाका कर्मचारीहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । त्यसैगरी असार १६ मा राष्ट्रिय अनुसन्धान विभागमा नयाँ नियुक्ति भएका अनुसन्धान सहायकहरुलाई कोषको सेवा सुविधा तथा सेवा प्रवाह प्रक्रिया सम्बन्धमा शाखा कार्यालयका प्रमुख राजेन्द्र लामिछाने र सहायक प्रबन्धक अतुल बास्कोटाबाट प्रशिक्षण प्रदान गरियो

## कार्यालय भवन निर्माण कार्य तीव्र



शाखा कार्यालय हेटौंडाको भवन निर्माण कार्य तीव्र रुपमा अगि बढेको छ । शाखाबाट हेटौंडा उपमहानगरपालिका, हुप्राचौरस्थित कोषको निर्माणाधीन सो भवनको निर्माण कार्यको नियमित रुपमा अनुगमन गर्ने, सम्बन्धित पक्षहरुसँग छलफल तथा राय परामर्श गर्ने कार्य भइरहेको छ ।

## Onsite KYC अद्यावधिक

नं १ जगदल गण, सुनाचुरी, मकवानपुरमा चैत्र १९ गतेकरिव २०० जना सञ्चयकर्ताहरुको Onsite kyc अद्यावधिक गर्ने कार्यका अतिरिक्त कोषले प्रवाह गर्ने सेवा सुविधाहरुका बारेमा जानकारी समेत प्रदान गरिएको थियो । उक्त कार्यक्रममा कोषका का.मु.उप प्रबन्धक सितलबाबु खत्री, सहायक प्रबन्धक अतुल बास्कोटा, प्रमुख सहायक फाल्गुणी धिमाल र कार्यालय सहयोगी स्वर्णिम मैनालीको सहभागिता रहेको थियो ।

यसैगरी यस अघि फागुन २८ गते, सिंहनाथ गण, शक्तिखोर, चितवनमा करिव १५० जना तालिमरत सञ्चयकर्ताहरुको Onsite kyc अद्यावधिक कार्य एवम् कोषको सेवा सुविधा प्रवाह सम्बन्धमा आवश्यक जानकारी प्रदान गरिएको थियो ।

## घर दैलो कार्यक्रम

२०७८ चैत २३ गते देखि मकवानपुर र चितवन जिल्लामा भाखा नाघेका, ब्याज तिर्न बाँकी रहेका ऋणी कर्मचारीहरुलाई कर्जाको साँवा ब्याज सहित नियमित गर्न अनुरोध सहितको जानकारी पत्र दिई घर दैलो कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा कर्मचारीहरु का.मु.उप प्रबन्धक सितलबाबु खत्री, सहायक प्रबन्धक द्वय अतुल बास्कोटा, बिष्णु प्रसाद बर्तौला, प्रमुख सहायकहरु फाल्गुणी धिमाल र नितिष कुमार चौधरी सहभागी रहनु भएको थियो ।

## ज्ञानआदान प्रदान

मिति २०७९ असार १५ मा "शाखामा कसरी हिसाब किताब राखिन्छ" भन्ने विषयमा लेखाको ब्याबहारिक kowledge sharing कार्यक्रम सम्पन्न भयो । यसको तयारी तथा प्रशिक्षण गर्ने काम सहायक प्रबन्धक विष्णु प्रसाद बर्तौला र प्रमुख सहायक मकुन्देव चौधरीबाट संयुक्तरुपमा गरिएको थियो ।

# शाखा कार्यालय बुटवल




## प्रशासकको निरीक्षण भ्रमण सम्पन्न

कोषका निमित्त प्रशासक जितेन्द्र धितालले माघ २६ मा शाखा कार्यालय बुटवलको निरीक्षण भ्रमण गर्नु भएको छ। २०७८ साउन ३ देखि नयाँ भवनमा स्थानान्तरण गरिएको कार्यालय भवनको भौतिक अवस्था र सेवा प्रवाह लगायतका बिषयको निरीक्षण गर्नु भएको थियो । नयाँ कार्यालय भवनबाट चुस्त दुरुस्त रुपमा सञ्चयकर्ता मैत्री सेवा प्रवाह गर्न निर्देशन समेत दिनु भएको थियो ।

## Onsite KYC अद्यावधिक कार्य जारी

शाखा कार्यालय बुटवलले मिति २०७८ पौष २३ र २४ गते सर्वोत्तम सिमेन्टको कार्यालय नवलपरासीमा onsite kyc update कार्य



सम्पन्न गऱ्यो । शाखाद्वारा दिप बोर्डिङ्ग स्कुल, बुटवल, प्रहरी युक्त तालिम महाविद्यालय जर्घा नवलपरासी, नं. २ सैन्य तालिम गण सैनामैना र लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवलमा नयाँ भर्ना भएका र पुराना KYC update गर्न छुटेका कर्मचारीको कार्यालयमा नै गई विभिन्न मितिमा KYC update गर्ने कार्य सम्पन्न गरिएको छ ।

## घर सापटीको क्षेत्र विस्तार

शाखा कार्यालय बुटवलले घर सापटीको क्षेत्र विस्तार गरेको छ । सञ्चयकर्तालाई प्रदान गर्दै आइरहेको धितोमा आधारित कर्जाको विगतमा लागू गरिएका क्षेत्रहरुमा समेत पूर्वाधारहरुको विकासको आधारमा क्षेत्र विस्तार गरिनुका साथै केही नयाँ स्थानमा समेत क्षेत्र थप गरेको र पाल्पा जिल्ला तानसेन नगरपालिकाका क्षेत्रहरु नयाँ जिल्लाको रुपमा थप गरी जम्मा सापटी सेवा प्रवाह भएका जिल्लाको संख्या ५ पुऱ्याएको छ ।

## सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम

शाखा कार्यालय बुटवलबाट सर्वोत्तम सिमेन्ट नवलपरासी र दिप बोर्डिङ्ग स्कुल,बुटवलमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा




अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । साथै चैत्र १४ मा नवलपरासी पश्चिमस्थित कार्यालयमा कार्यरत कार्यालय प्रमुखहरुको उपस्थितिमा रामग्राम नगरपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । २०७८ चैत्र १६ गते रुपन्देही जिल्लास्थित कार्यालयका प्रमुख तथा लेखा प्रमुखहरुको उपस्थितिमा बुटवल उपमहानगरपालिकाको सभाहलमा अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यसका साथै नं. २ सैन्य तालिम गण, सैनामैना रुपन्देहीमा नयाँ भर्ना भएका सैन्य तथा अन्य दर्जाका कर्मचारीको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

# शाखा कार्यालय कोहलपुर

## शाखा कार्यालय कोहलपुरको नवनिर्मित भवनको उद्घाटन

कर्मचारी सञ्चय कोषको शाखा कार्यालय, कोहलपुर, बाँकेको नव-निर्मित भवनको समुद्घाटन भएको छ । २०७८ फाल्गुण ११ गते बुधवारका दिन कोषको सञ्चालक समितिका अध्यक्ष श्री कृष्णहरि पुष्करले एक कार्यक्रमबीच उक्त भवनको उद्घाटन गर्नुभएको हो ।

उद्घाटन कार्यक्रममा कोष सञ्चालक समितिका सदस्यहरु, कोषका प्रशासक, सहप्रशासक, विभागीय प्रमुखहरुं, कोषमा क्रियाशील तीन वटै युनियनका अध्यक्षहरु, सुर्खेत, धनगढी र बुटवल शाखाका कार्यालय प्रमुखहरु एवम् शाखा कार्यालय कोहलपुरमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त भवन निर्माण कार्य समय अगावै सम्पन्न गर्ने निर्माण व्यवसायी Thodung/HTC/Basana J.V.Birendranagar Surkhet, आयोजना प्रमुख एवम् शाखा कार्यालय, कोहलपुरका प्रमुख कमल अर्याल र साइट इन्जिनियर दधिराज घिमिरेलाई सम्मानस्वरुप प्रशंसा पत्र समेत प्रदान गरिएको थियो ।

कोहलपुर ३ ख कित्ता नं. २५५ क्षेत्रफल ०-६-० मा कोषको शाखा कार्यालय भवन, कार्यालय प्रमुखको लागि आवास तथा गेष्ट हाउस, गार्ड हाउस तथा क्यान्टिन, विद्युतीय कोठा, पार्किङ्ग सेड निर्माण गर्न निर्माण व्यवसायी Thodung/HTC/Basana J.V. Birendranagar Surkhet ले पेश गरेको मु.अ.कर समेत रु ७,९८,८१,१६५/७२ (अक्षरेपि सात करोड अन्ठानब्बे लाख एकासी हजार एकसय पैंसट्ठी र पैसा बहत्तर मात्र) को बोलपत्र स्वीकृत भइ कार्य शुरु भएको मितिबाट एक वर्ष ६ महिनाको अवधि राखी २०७७ श्रावण १ गतेदेखि लागू हुने गरी २०७७ असार १८ गते कार्यादेश दिइएकोमा निर्माण व्यवसायीले तोकिएको समयावधि अगावै २०७८ पुष १५ गते नै सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी कोषलाई भवन हस्तान्तरण गरेको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय कोहलपुरले शशस्त्र प्रहरी बल हेड क्वार्टर बाँके ३१ नं. गण बाँकेमा मिति २०७९ जेठ २० गतेका दिन कोषका विविध गतिविधि सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सशस्त्र प्रहरी बल हेड क्वार्टर बाँके ३१ नं. गणका तर्फबाट २०० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो । त्यसैगरी सोही दिन ४ न. वाहिनी राफा बाँकेमा कोषका विविध गतिविधि सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सो अवसरमा २५० जना सञ्चयकर्ताको सहभागिता रहेको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा कोषले उपलब्ध गराउँदै आएको सेवा सुविधा सम्बन्धमा उपस्थित सञ्चयकर्तालाई जानकारी गराइएको थियो । कार्यक्रममा उपस्थित सञ्चयकर्ताबाट विभिन्न जिज्ञासाहरु राखिएका थिए । त्यसै गरी सशस्त्र प्रहरी बल हेड क्वार्टर, ३१ नं. गण बर्दिया, मा २०७८ साल पुष ९ गतेका दिन कोषका विविध गतिविधि सम्बन्धमा अन्तर क्रिया कार्यक्रम सम्पन्न गरेको थियो । सशस्त्र प्रहरी बल हेड क्वार्टर ३१ नं. गण,बर्दियाका तर्फबाट २०५ जना सञ्चयकर्ताहरु सहभागी रहेको उक्त कार्यक्रममा शाखा कार्यालय कोहलपुरबाट का.मु. उप प्रबन्धक मनोज लामिछाने, प्रमुख सहायकहरु केदार धिताल र दीपा ढकालको सहभागिता रहेको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरुका सम्बन्धमा त्यहाँ उपस्थित सञ्चयकर्ताहरुलाई आवश्यक जानकारी गराइएको थियो । कार्यक्रममा सञ्चयकर्ताले कोषले उपलब्ध गराउँदै आएको विविध सेवा सुविधाहरुका बारेमा राखेका विभिन्न जिज्ञासाहरुको जवाफ कोषका कर्मचारीहरुले दिएका थिए ।



# शाखा कार्यालय धनगढी

## सापटी तथा कोष भुक्तानी र सामाजिक सुरक्षा भुक्तानी

आ.व. २०७८/७९ मा शाखा कार्यालय धनगढीबाट विशेष सापटी १३७९ जनासञ्चयकर्तालाई रु.४३,९०,८८,४९६/८७, कोष भुक्तानी/छुट भुक्तानी २४२१ जना सञ्चयकर्तालाई रु. ५४,५६,५३,०६३/१६ प्रदान गरिएको छ। यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसूति तथा शिशु स्याहार खर्च बापत १५८३ जना सञ्चयकर्तालाई रु. १,१८,७२,५००/-, काजक्रिया अनुदान भुक्तानी बापत ५३ जना सञ्चयकर्ताको हकवालालाई रु. २१,२०,०००/-, दुर्घटना क्षतिपूर्ति बापत २८ जना सञ्चयकर्ताको हकवालालाई रु. ५६,००,०००/- तथा कर्मचारी कल्याण योजना बापत १३ जना सञ्चयकर्ताको हकवालालाई रु. १९,५०,०००/- भुक्तानी गरिएको छ।

## कर्जालगानी तथा असुली

शाखा कार्यालय धनगढीद्वारा आ.व. २०७८/७९ मा घर सापटीतर्फ १८९ जना सञ्चयकर्तालाई रु. ४३,६६,६७,८२०/०९, घरमर्मत सापटीतर्फ ४३ जना सञ्चयकर्तालाई रु. ७,५३,९६,०००/-, शैक्षिक सापटीतर्फ १ जना सञ्चयकर्तालाई रु. ९,६९,०००/- तथा जग्गा खरिद सापटीतर्फ १५ जना सञ्चयकर्तालाई रु. २,००,०६,०००/- प्रवाह गरिएको छ। साथै यस शाखाबाट धितोमा आधारित कर्जा लिने ऋणीहरुबाट साँवा व्याज गरी जम्मा रु. १८,४१,८३,६३८/४८ असुल भएको छ।




## Onsite KYC अद्यावधिक

शाखाबाट आ.व. २०७८/७९ मा ४,६७९ जना सञ्चयकर्ताको व्यक्तिगत KYC विवरण अद्यावधिक गरिएको छ। KYC विवरण अद्यावधिक गर्न शाखाबाट डोटी, कञ्चनपुर तथा कैलाली जिल्लाका विभिन्न कार्यालयहरुमा कर्मचारीहरु खटाइएको थियो। यस अवधिमा यस शाखाबाट ६९,९७५ वटा डाटा इन्ट्रि सम्पन्न गरिएको छ।

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम


आ.व. २०७८/७९ शाखा कार्यालय धनगढीले कोषबाट प्रदान हुने सेवा सुविधा तथा KYC सम्बन्धमा दार्चुला, बझाङ्ग तथा कञ्चनपुर जिल्लामा ४ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

# सेवा केन्द्र धनकुटा

## अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

सेवा केन्द्र धनकुटाले मिति २०७९ जेठ २५ मा भिमदल गण सल्लेरी व्यारेक धनकुटामा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। गणका सेनानी पूर्ण प्रजापतीको समुपस्थितिमा गणका ७४ जना विभिन्न दर्जाका कर्मचारीको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चालन सेवा केन्द्रका प्रमुख दिपेन्द्र सापकोटा र का.मु. सहायक प्रबन्धक डेन्जम भट्टराईले गर्नु भएको थियो।

त्यस्तै यस अगि कोष तथा लेखा नियन्त्रकको कार्यालय धनकुटाको सहयोग र समन्वयमा फागुन ३० गते धनकुटास्थित सरकारी




निकायका सञ्चयकर्ता कार्यालयका लेखा प्रमुखहरुसंग एक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो।


कार्यक्रममा वित्तीय सुविधा अन्तर्गत, बिशेष सापटी online मार्फत आवेदन दिने प्रक्रिया, घर खरिद, घर निर्माण, घर मर्मत, जग्गा खरिद, शैक्षिक सापटीको प्रक्रिया, ब्याजदर, रकमको सीमा सम्बन्धमा छलफल भयो। सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी तथा शिशु स्याहार, काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति, औषधि उपचार खर्च शोधभर्नासम्बन्धी जानकारी तथा छलफल गरियो।

Loan Repayment कोषबाट लिइएका बिभिन्न सापटी तथा ऋणको किस्ता (सावाँ तथा ब्याज) तिर्नको लागि Connect IPS मार्फत तिर्ने प्रक्रिया, बैंक मार्फत बुझाउँदा ध्यान दिन पर्ने बिषयमा जानकारी प्रदान गरिएको थियो।

## ज्ञान आदान-प्रदान

मिति २०७९ असार २८ मा NFRS का सम्बन्धमा का.मु. सहायक प्रबन्धक डेन्जम भट्टराईबाट जानकारी प्रदान गर्नुका साथै कोष व्यवस्थापनबाट असार मसान्तसम्ममा प्राप्त फाँटवारीको Collection र Data Entry गर्ने विषयमा र Daybook दैनिक रुपमा Update गर्ने विषयमा सेवा केन्द्रका कर्मचारीहरुले आ-आफ्ना अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको थियो।

# नेपाल वित्तीय संस्था कर्मचारी संघ



मुलुकको वित्तीय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरु मध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेड यूनियनहरु मध्ये नेपाल वित्तीय संस्था कर्मचारी संघ श्रम ऐन, २०७४ र ट्रेड युनियन ऐन २०४९ अनुसार बैकिङ कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते स्थापित भएको हो । यो संस्था राष्ट्रिय स्तरमा ट्रेड युनियन कांग्रेस र अन्तर्राष्ट्रिय स्तरमा युनियन नेटवर्क इन्टरनेशनलसँग आवद्ध फियन राष्ट्रिय समिति मातहत रही कार्य गर्दै आइरहेको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघले प्रतिष्ठान स्तरमा स्थापित ट्रेड यूनियनहरुमाझ आफ्नो अग्रणी र सक्रिय उपस्थिति कायम गर्दै आइरहेको छ भने कोषको संस्थागत हक हित र कर्मचारीहरुको पेशागत हक हितको पक्षमा सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ । संघद्वारा पछिल्लो आ.व.मा सञ्चालित मुख्य गतिविधि र क्रियाकलापहरु यस प्रकार रहेका छन् :

- २०७८ चैत्र ३० गते फियन डे को उपलक्ष्यमा संघको कार्यालय ठमेलमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरियो ।
- २०७८ असोज २२ गते विजयादशमी, शुभ दिपावली तथा छठ लगायतका महत्वपूर्ण चाडपर्वको अवसरमा कोषको ठमेलस्थित कार्यालयमा शुभकामना कार्यक्रमको आयोजना गर्नुका साथै चियापान कार्यक्रमको आयोजना गरियो ।
- नेपाल वित्तीय संस्था कर्मचारी संघ, केन्द्रीय समितिले संघका पूर्व अध्यक्षहरु श्री योगन्द्र कुमार कुँवर तथा धर्म प्रसाद खनाल तथा संघका पूर्व कोषाध्यक्ष श्री शेखर थापा क्षेत्री कोषबाट अवकाश प्राप्त गर्नुभएकोमा सम्मान कार्यक्रमको आयोजना गरी सम्मान पत्र हस्तान्तरण गरियो ।
- यही मिति २०७९ श्रावण महिनामा संघका अध्यक्ष अर्जुन प्रसाद आचार्यको संयोजकत्वमा वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्षको टोलीले कर्मचारी सञ्चय कोषका शाखा कार्यालयहरुको अवलोकन भ्रमण गरी कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रमको अयोजना गरियो ।

यस संघको अगुवाई तथा पहलमा कोषका कर्मचारीहरुको बचत रहेको कल्याणकारी कोषमा मुनाफा प्रदान गर्न पटक पटक व्यवस्थापनको ध्यानाकर्षण गराएको सन्दर्भमा आ.ब.२०७७/७८ को मुनाफाबाट सञ्चयकर्तालाई मुनाफा प्रदान गरे सरह मुनाफा प्रदान गर्ने व्यवस्थाको शुरुआत गरियो ।

संघले यही मिति २०७९ भाद्र १५ गते सहप्रशासकको जिम्मेवारी प्राप्त गर्नुभएकोमा का.मु.सहप्रशासक श्री भरत वस्ती तथा का.मु. मुख्य प्रबन्धकको जिम्मेवारी प्राप्त गर्नु भएकोमा श्री महेश प्रसाद खनाललाई बधाई तथा कार्यकालको सफलताको शुभकामना व्यक्त गऱ्यो ।

यस संघकी सभामुख तारा अर्याल काफ्लेको मिति २०७८ चैत्र २२ गते भएको असामयिक निधनमा दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्नुको साथै मिति २०७८ चैत्र २४ गते एक दिन संघको कार्यालय बन्द गरियो ।

संघ स्थापनाको करिब ३४ वर्षको अवधिमा संघको कुशल नेतृत्व र संघले अवलम्बन गरेको नीति, योजना र संघर्षको कारण कर्मचारीले प्राप्त गरेको उपलब्धिको रक्षार्थ संघ सधैं क्रियाशील रही आएको छ । संघको पछिल्लो अधिवेशन तथा केन्द्रीय सभाले सबैको लागि सञ्चय कोष, सधैको लागि सञ्चय कोष भन्ने दीर्घकालीन सोच (Vision) लिएको छ भने संगठन सञ्चालनमा व्यवसायिकताको विकास गरी असल अभ्यास र संस्कारलाई आन्तरिकीकरण गर्ने दीर्घकालीन लक्ष्य (Mission) लिएको छ ।



# सञ्चय कोष कर्मचारी संगठन

वि.स. १९९१ मा सैनिक द्रव्य कोषको नामबाट स्थापित, वि.स. २०१९ भाद्र ३१ गते विशेष ऐनबाट स्थापित कर्मचारी सञ्चय कोष देशकै ठूलो सामाजिक सुरक्षण जिम्मेवारीका साथ अघि बढिरहेको यस गौरवशाली संस्थाको ६१औं वार्षिक उत्सवको उपलक्ष्यमा ट्रेड युनियन ऐन, २०४९ र श्रम ऐन २०४८ बमोजिम स्थापित कोषमा क्रियाशील सञ्चय कोष कर्मचारी संगठन हार्दिक शुभकामना व्यक्त गर्दछ । सञ्चय कोष कर्मचारी संगठनद्वारा कर्मचारीहरुको हक, हित र अधिकारका र सस्थाको वित्तीय, व्यवस्थापकीय तथा सञ्चयकर्ताको हितमा खेलेका महत्वपूर्ण गतिविधि निम्न रहेका छन :

१) सञ्चय कोष कर्मचारी संगठनद्वारा ६० औं वार्षिक उत्सवदेखि ६१औं वार्षिक उत्सवसम्म विभिन्न मितिमा केन्द्रीय कमिटिको बैठकहरु सम्पन्न गर्नुका साथै सचिवालयको बैठक प्रत्येक हप्ता बसी संगठनद्वारा आफ्नो सांगठनिक जिम्मेवारी वहन गर्दै आएको छ ।

२) मिति २०७८।०८।०८ मा दर्ता नं. ६०१ को ध्यानाकर्षण पत्र मार्फत् सञ्चय कोषको सुदृढीकरण तथा सञ्चयकर्ता सेवा सुविधा, कर्मचारीहरुका वृत्ति विकास तथा अन्य सरोकारका विषयका सम्पूर्ण गतिविधिको जानकारी सञ्चालक समिति अध्यक्ष कृष्णहरि पुष्कर तथा सदस्यहरुलाई बोधार्थ दिईएको । उक्त पत्र अर्थ मन्त्रालयमा दर्ता गरी छलफलको लागि सञ्चय कोषमा पठाइएको ।

३) संगठनको विभिन्न मितिमा सम्पन्न बैठकले संगठन सुदृढीकरण, प्रशिक्षण तथा तालिम, पारदर्शिता तथा गोपनियता, पदीय जिम्मेवारी, स्मारिका प्रकाशन, लेखापरीक्षण तथा समीक्षा, आर्थिक गतिविधि, कोष व्यवस्थापनको भूमिका, संस्थामा कार्यरत संगठनको भूमिका, भावी कार्ययोजना कर्मचारीहरुको सेवा शर्त, वृत्ति विकास, सरुवा, वढुवा, आर्थिक सेवा सुविधा, समसामयिक बिषयमा छलफल गरिएको ।

४) लामो समयदेखि विविध कारणबाट अवरोध कर्मचारीहरुको वृत्ति विकास सम्बन्धी समस्या समाधान गर्न अर्थ मन्त्रालय, लोक सेवा आयोग, कोष व्यवस्थापन, तथा शाखा कार्यालयका सम्पूर्ण कर्मचारी बीच पटक पटक छलफल ध्यानाकर्षण गरिएको थियो । जसको परिणाम स्वरुप कोषमा तह ११ देखि छैटौ तहसम्मको खुला, आन्तरिक र फाइल बढुवा विज्ञापन सम्पन्न भएको र बाँकी परीक्षा यथाशिघ्र गर्नुपर्ने सम्बन्धमा व्यबस्थापनसंग छलफल भइरहेको ।

५) २०७९ मा भएको विज्ञापनलाई ध्यानमा राखी सञ्चय कोष कर्मचारी सगंठनले केन्द्र तथा शाखाका कर्मचारीहरुका लागि कोचिङ क्लास बानेश्वरस्थित चैतन्य इन्स्टीच्यूटबाट सबै तहका परिक्षार्थीलाई अनलाइन तथा उपस्थितिमा अध्यापन कक्षा चलाइएको ।

६) सांगठनिक तथा अन्य समसामयिक गतिविधि झल्कने गरी संगठनको लगानीमा कोष पत्रिका प्रकाशन ।

७) रक्तदान कार्यक्रम सम्पन्न ।

८) कोषमा कार्यरत दिदीबहिनी कर्मचारीहरुको तीज कार्यक्रम आयोजना गर्न कोष व्यवस्थापनसंग छलफल तथा सहकार्य गरिएको ।






९) कोष कर्मचारीहरुको सहभागितामा नुवाकोट जिल्लाको ककनीमा वनभोज कार्यक्रम सम्पन्न गरिएको ।

१०) कोभिड पीडित कर्मचारीहरुलाई भावनात्मक तथा व्यवहारिक सहयोगका साथै कोषबाट समेत शोधभर्नाको रुपमा रु. १ लाख उपलब्ध गराउन पटक पटक छलफल तथा अनुरोध गरिएको ।

११) संस्थाको हितमा गुणस्तरीय सेवा तथा सुविधामा व्यवस्थापनसँग छलफल गरी युनियनको भूमिका बढाउदै लगिएको ।

१२) महिला कर्मचारीको लागि शिशु स्याहार कक्ष, आराम कक्ष तथा लाइब्रेरी व्यवस्थापन गर्न व्यवस्थापन समक्ष माग प्रस्तुत गरिएको ।

१३) योगदानमा आधारित निवृत्तभरण कोषलाई स्थायी रुपमा सञ्चय कोषमा आबद्ध गर्न व्यवस्थापनसँग पटक पटक छलफल तथा रचनात्मक सुझाव प्रदान गरिएको ।

१४) शाखा कार्यालयमा आफ्नै भवन निर्माण गरि सुविधा सम्पन्न रुपमा शाखा कार्यालय सञ्चालन गर्ने सम्बन्धमा व्यवस्थापनसँग पहल गरिएको ।

१५) कामको जिम्मेवारी थप, कामको आधारमा जनशक्ति व्यवस्थापन, समय तालिका (क्यालेन्डर) बनाई कोषका कर्मचारिलाई स्वदेश तथा विदेशको तालिम गराउनु पर्नेमा जोड दिइएको ।

१६) अन्य बौद्धिक, रचनात्मक तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएको ।

सञ्चय कोष कर्मचारी संगठनले सबै कर्मचारीहरुको विश्वासको धरोहरका रुपमा रही, आर्थिक सेवा सुविधा प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्नुका साथै सञ्चयकर्ता तथा मुलुककै हितमा आर्थिक टेवा पुर्‍याउन माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी, रसुवागढी आयोजनामा लगानी गर्नेदेखि अन्य सञ्चालित उद्योग धन्दामा लगानी विविधीकरणका सम्बन्धमा रचनात्मक सहयोग तथा सुझाव दिंदै आइरहेको छ ।

कोषले आगामी दिनमा अझ सशक्त रुपमा सञ्चयकर्ताको हितमा बढी भन्दा बढी कार्य गर्न राज्यको नीति ,नियम, कार्यक्रममा वस्तुनिष्ठ यथार्थपरकता कायम गरी सरकारको जिम्मेवारीमा यस संस्थालाई लगानी तथा प्रतिफलका क्षेत्रमा अघि बढ्न बढाउन सञ्चय कोष कर्मचारी संगठनले सशक्त ट्रेड युनियनको भूमिका निर्वाह गर्दै जानेछ। आगामी दिनमा अझ बढी दृढताका साथ अघि बढी संविधानद्वारा प्राप्त ट्रेड युनियन हक अधिकारको रक्षाका साथै सम्पूर्ण कर्मचारी, सञ्चयकर्ता र संस्थाको हितमा अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्दछ ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठन

कर्मचारी सञ्चय कोषमा कार्यरत कर्मचारीको पेशागत हकहित, सेवाको सुरक्षा, समय सापेक्ष सेवा सुविधाको पुनरावलोकन एवम् कर्मचारीको व्यवसायिकता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि मार्फत् कोषको संस्थागत सुदृढीकरण सुनिश्चित गर्ने मुख्य उद्देश्य राखी वि.सं. २०६४ मा स्थापित नेपाल राष्ट्रिय कर्मचारी संगठन पछिल्लो समय देशमा भएको आमूल परिवर्तन तथा कोषसँग सम्बन्धित संस्थागत, पेशागत तथा अन्य समसामयिक पक्षमा देखा परेका विविध परिवर्तित आयामहरुको सन्दर्भमा क्रान्तिकारी अभियानलाई पुनर्गठन गर्ने उद्देश्यले मिति २०७८/०४/१५ मा पुनर्स्थापित भएको एक बैचारिक संगठन हो । श्रम कार्यालयमा वैधानिक रुपमा दर्ता भई कोषमा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको यस संगठनले सदैव संस्था, कर्मचारी र सञ्चयकर्ताहरुको समृद्धि र उन्नतिलाई आफ्नो मूल लक्ष्यका रुपमा अंगीकार गरेको छ ।

यस संगठनले ट्रेड युनियन आन्दोलनको समाजवादी दृष्टिकोणलाई मूल सिद्धान्तका रुपमा अङ्गिकार गर्दै कोषको प्रशासनिक संयन्त्रभित्र रहेको विभेद, असमानता, यथास्थितिवादका विरुद्ध संघर्षलाई अघि बढाउनेतर्फ आफ्ना गतिविधि, नीति, विधि र विधानलाई दिशानिर्देश गरेको छ । यस संगठनले मूलतः कोषभित्रका क्रियाकलापमा देखा पर्ने परम्परागत कार्यशैली, विभेदकारी व्यवस्था एवम् पुरातनमुखी चिन्तनहरुको अग्रगामी रुपान्तरण मार्फत् प्रगतिशील दिशातर्फ अघि बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । संगठनका गतिविधिहरु ट्रेड युनियनको सामान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मान्यता अनुरुप सञ्चालन गर्न अन्तर्राष्ट्रिय श्रम संगठन, मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, नेपालको संविधान, ट्रेड युनियन ऐन, २०४९ र श्रम ऐन, २०७४ लाई अंगीकार गरिएको छ ।

संगठनका सिद्धान्त र रणनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्नका निम्ति श्री शंकरप्रसाद अर्यालको संरक्षकत्व तथा श्री राम प्रसाद राईको अध्यक्षतामा २१ सदस्यीय केन्द्रीय कार्य समिति निर्माण गरिएकोमा कोषको कर्मचारी सेवा शर्त नियमावली अनुसार नेतृत्वमा वैकल्पिक व्यवस्थापन स्वरुप हाल केही समय यता कार्यवाहक अध्यक्षका रुपमा वरिष्ठ उपाध्यक्ष राम हरि गौतमलाई कार्यसमितिको नेतृत्वको जिम्मेवारी प्राप्त छ। यसका अतिरिक्त सल्लाहकार समिति, शाखा कार्यालयस्तरीय ईकाइ समिति र अन्य विषयगत समिति र विभागहरु सहितको सांगठनिक संरचना निर्माण गरी आफ्ना गतिविधिहरुलाई कोषका सम्पूर्ण कार्यालयहरुमा प्रभावकारी रुपमा सञ्चालन हुँदै आएको यस संगठनको केन्द्रीय कार्यालय कोषको ठमेलस्थित भवनमा अवस्थित छ ।

## छाता संगठनहरुमा आवद्धता र प्रतिनिधित्व

नेपाल राष्ट्रिय कर्मचारी संगठन, कर्मचारी सञ्चय कोषले ट्रेड युनियन सम्बन्धी अन्य संस्थाहरुमा भएको अभ्यास, सूचनाहरुको आदान-प्रदान, ट्रेड युनियन सम्बन्धी ज्ञानको प्राप्ति र हस्तान्तरण तथा सांगठनिक सिकाईको महत्व र आवश्यकतालाई मध्येनजर गरी सांगठनिक सञ्जालको विकास र विस्तारमा आफूलाई आवद्ध तुल्याउँदै आएको छ । विश्व ट्रेड युनियन महासंघ (WFTU) नामक अन्तर्राष्ट्रिय स्तरको संगठनमा आवद्ध हुनुको साथै नेपाल राष्ट्रिय कर्मचारी महासंघ र नेपाल राष्ट्रिय कर्मचारी संगठन, बैंक तथा वित्तीय संस्था राष्ट्रिय समिति लगायतका छाता संगठनको बैचारिक मार्गनिर्देशनमा आफ्ना गतिविधिहरु सञ्चालन गर्ने क्रममा ती छाता संगठनहरुमा प्रतिनिधित्व गराउन समेत सफल रहेको छ । संगठनको तर्फबाट उपरोक्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ट्रेड युनियन संगठनहरुमा निम्नानुसारको प्रतिनिधित्व रहेको छ ।

| संस्थाको नाम | प्रतिनधित्व गर्ने व्यक्ति | पद |
|---|---|---|
| WFTU Nepal Chapter, Youth Committee | श्री राम हरि गौतम | सदस्य |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन (महासंघ) | श्री राम प्रसाद राई<br>श्री राम हरि गौतम | सचिवालय सदस्य<br>सदस्य |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन बैङ्क तथा वित्तीय संस्था (राष्ट्रिय समिति) | श्री सि.वि खड्का<br>श्री कृष्ण प्रसाद अधिकारी | उपाध्यक्ष<br>सदस्य |
| नेपाल राष्ट्रिय कर्मचारी संगठन बैङ्क तथा वित्तीय संस्था (बागमती प्रदेश कमिटि) | श्री राजु श्रेष्ठ<br>श्री राम बहादुर तिमल्सिना | कोषाध्यक्ष<br>सदस्य |

यसैगरी महासंघ र राष्ट्रिय समिति अन्तर्गतका विभिन्न प्रदेश समिति र जिल्ला कमिटीहरुमा समेत यस संगठनको तर्फबाट प्रतिनिधित्व र हुँदै आएको छ ।

## पछिल्ला केही प्रमुख गतिविधिहरु

→ कर्मचारीहरुमा अध्ययनशीलता एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न खाली समयको उपयोग गर्दै एकै ठाउँबाट विविध भिन्न भिन्न विषयको ज्ञान आर्जन गर्नका निम्ति संगठनको केन्द्रीय कार्यालयमा सुविधा सम्पन्न लाईब्रेरीको स्थापना गरिएको ।

→ कर्मचारीहरुको पेशागत हकहित, वृत्ति विकास लगायतका विषयहरुका सन्दर्भमा न्यायिक अधिकार सुनिश्चित गर्न यस संगठनको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गरिँदै आएको ।





→ विविध संस्थागत एवम् समसामयिक विषयमा सम्पूर्ण सरोकारवाला पक्षहरुको सहभागिता सहितको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम आयोजना गरी समस्याको निकासमा पहल हुँदै आएको ।

→ कर्मचारीका गुनासा सुनुवाई, पीरमर्का र समस्या समाधानका विषयमा कोष व्यवस्थापनसंग वार्ता, मध्यस्थता, छलफल र सौदावाजीमा सक्रिय भूमिका निर्वाह गरिदै आएको ।

→ कोषको कर्मचारी सेवाशर्त नियमावली लगायत अन्य विषयमा समस्या समाधानार्थ आवश्यक सहजीकरण गरिएको ।

→ कोषमा लामो समयदेखि अवरुद्ध वृत्ति विकास, विज्ञापन प्रकाशन लगायतका विषयमा कोष व्यवस्थापनसंग नियमित छलफल र खवरदारी मार्फत उपलब्धिमूलक प्रक्रियाको थालनी गर्न महत्वपूर्ण र समन्वयतात्मक भूमिका निर्वाह गरिएको ।

→ कर्मचारी सेवा सुविधालाई समय सापेक्ष पुनरावलोकन गर्न कोषमा क्रियाशील अन्य समकक्षी ट्रेड युनियनहरुसँग समेत सहकार्य गर्दै कोष व्यवस्थापन समेतको सहभागितामा गठित कार्यदलमा सक्रिय भूमिका निर्वाह गरी प्रतिवेदनलाई अन्तिम रुप दिनुको साथै प्रतिवेदनमा उल्लिखित विषयहरुको कार्यान्वयनका निम्ति निरन्तर पहलकदमी लिइएको ।

→ शाखा कार्यालयका विद्यमान समस्या निराकरणमा कोष व्यवस्थापनलाई रचनात्मक सुझाव दिनुका साथै, शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च तुल्याउन उत्प्रेरणमूलक कार्यक्रमको तर्जुमाका निम्ति समेत सुझाव प्रस्तुत गरेको ।

→ सम्पूर्ण शाखा कार्यालयहरुको सञ्चालनका निम्ति कोषको आफ्नै कार्यालय भवन निर्माणमा कोष व्यवस्थापनलाई सुझाव दिइएको ।

→ दशैं, तिहार र छठ जस्ता राष्ट्रिय पर्वहरुमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको ।

→ संगठनको स्थापना दिवसको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको ।

→ महिलाहरुको महान पर्व हरितालिका तीजको उपलक्ष्यमा शाखा कार्यालयहरुमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिएको ।

→ सदस्यहरुको विभिन्न सीप, दक्षता एवम् क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।

→ छाता संगठनहरुद्वारा आयोजित प्रशिक्षण एवम् नेतृत्व विकास कार्यक्रममा आफ्ना सदस्यहरुलाई सहभागी गराइएको ।

→ कोष व्यवस्थापनद्वारा आयोजित बजेट समीक्षा कार्यक्रम, नवनिर्मित भवन उद\घाटन कार्यक्रम, कोषको मानव संसाधन विकाससँग सम्बन्धित अन्तर्क्रिया कार्यक्रम लगायत अन्य संस्थागत विषयहरुका सन्दर्भमा आयोजित कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाई रचनात्मक सुझाव प्रदान गरिएको ।

→ कोषबाट अवकाश हुँदा प्राप्त गर्ने रकममा गैरन्यायिक तवरबाट बढी कर कट्टी भएको विषयमा कोषमा कार्यरत पूर्व कर्मचारीहरुले लड्दै आएको कानूनी लडाइँमा पूर्ण ऐक्यबद्धता जाहेर गर्दै रु. ५०,०००/- आर्थिक सहयोग प्रदान गर्नुको साथै कोष व्यवस्थापनलाई समेत पूर्व कर्मचारीहरुको हकहितका कार्यक्रमका निम्ति निरन्तर रचनात्मक सुझाव दिँदै आएको ।

यसरी स्थापनाकालदेखि नै कोषको संस्थागत सुदृढीकरण र सुशासन, कोषमा कार्यरत कर्मचारीहरुको पेशागत हक हितका विषय एवम् सञ्चयकर्ता सेवा विस्तारका पक्षमा निरन्तर समर्पित रहँदै आईरहेको नेपाल राष्ट्रिय कर्मचारी संगठन भावी दिनमा समेत आफ्ना क्रियाकलापहरुलाई कोष, कर्मचारी र सञ्चयकर्ताहरुको हित र समृद्धिसँग नाता गाँस्दै आफ्नो यात्रा अघि बढाउने प्रण गर्दछ ।

## २५ वर्षे सेवा पदक तथा पुरस्कार प्राप्त गर्ने कर्मचारीको विवरण

| सि.नं. | पद | नाम थर |
|---|---|---|
| १ | मुख्य प्रबन्धक | रोचन श्रेष्ठ |
| २ | का. मु. मुख्य प्रबन्धक | राजेन्द्र शाक्य |
| ३ | प्रमुख चालक | गोविन्द वहादुर कुंवर |

## १५ वर्षे सेवा पदक तथा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरुको विवरण

| सि.नं. | पद | नाम थर |
|---|---|---|
| १ | का. मु. मुख्य प्रबन्धक | सुवाष खड्का |
| २ | का.मु. वरिष्ठ प्रवन्धक (सिष्टम) | राकेशलाल श्रेष्ठ |
| ३ | का.मु. वरिष्ठ प्रवन्धक (वित्त विश्लेषक) | मदन सुवेदी |
| ४ | प्रबन्धक (कानून) | डम्बर बहादुर खड्का |
| ५ | सहायक प्रबन्धक (इन्जिनियर) | रामहरि गौतम |
| ६ | सहायक प्रबन्धक (इन्जिनियर) | सत्यनारायण गाइंजु |

## आ.व. २०७८/७९ मा अनिवार्य अवकाश भएका कर्मचारीहरुको विवरण

| सि.नं. | हालको पद | नाम थर | तह | अवकाश मिति |
|---|---|---|---|---|
| १ | प्रवन्धक | दीप कुमार विष्ट | ८ | २०७८।०५।०९ |
| २ | सहायक प्रबन्धक (फोटोकपि) | उदय बहादुर सुनुवार | ६ | २०७८।०५।१९ |
| ३ | उप प्रबन्धक | दिपक प्रसाद सापकोटा | ७ | २०७८।०६।११ |
| ४ | सहायक प्रबन्धक | योगेन्द्र कुमार कुवंर | ६ | २०७८।०६।२८ |
| ५ | का.मु. मुख्य प्रबन्धक | टोपा राम पण्डित | ९ | २०७८।०७।२५ |
| ६ | कार्यालय सुपरिवेक्षक | केशव खतिवडा | ५ | २०७८।०७।३० |
| ७ | प्रमुख सहायक (अभिलेख) | शिव बहादुर सिलवाल | ५ | २०७८।०८।०५ |
| ८ | वरिष्ठ प्रवन्धक | दशरथ कुमार लामिछाने | ९ | २०७८।०८।१५ |
| ९ | मुख्य प्रबन्धक | ओम कृष्ण श्रेष्ठ | १० | २०७८।०९।०३ |
| १० | प्रवन्धक | रमेश राज पोखेल | ८ | २०७८।०९।२० |
| ११ | प्रवन्धक | प्रवीण वहादुर श्रेष्ठ | ८ | २०७८।१०।०१ |
| १२ | सहायक प्रबन्धक | हरी प्रसाद भण्डारी | ६ | २०७८।१०।१५ |
| १३ | सहायक प्रबन्धक | सानो कान्छा देउजा | ६ | २०७८।१०।१५ |
| १४ | कार्यालय सुपरिवेक्षक | जगत बहादुर रेग्मी | ५ | २०७८।११।२३ |
| १५ | सहायक प्रबन्धक | श्रीराम बराल | ६ | २०७८।१२।०५ |
| १६ | प्रमुख चालक | गोविन्द वहादुर कुंवर | ५ | २०७८।१२।०५ |
| १७ | उप प्रबन्धक | धर्म प्रसाद खनाल | ७ | २०७८।१२।०६ |
| १८ | का. मु. उप प्रबन्धक | दिपक प्रसाद दवाडी | ६ | २०७८।१२।३० |
| १९ | का.मु. सहायक प्रबन्धक | राजेन्द्र थापा | ५ | २०७८।१२।३० |
| २० | कार्यालय सुपरिवेक्षक | भरत प्रसाद खनाल | ५ | २०७९।०१।०१ |
| २१ | सहायक प्रबन्धक | शिव शंकर मानन्धर | ६ | २०७९।०१।२५ |
| २२ | वरिष्ठ प्रवन्धक | महेन्द्र राज शाक्य | ९ | २०७९।०२।१५ |
| २३ | वरिष्ठ प्रवन्धक | राम काजी केसी | ९ | २०७९।०३।२९ |

## आ.व. २०७८/७९ मा स्वेच्छिक अवकाश लिने कर्मचारीको विवरण

| सि.नं. | हालको पद | नाम थर | तह | स्वेच्छिक अवकाश मिति |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक | भवानी श्रेष्ठ (ख) | ६ | २०७८।०४।१६ |
| २ | सहायक प्रबन्धक | धन बहादुर बोहरा | ६ | २०७८।०५।०२ |
| ३ | सहायक प्रबन्धक | राम सुन्दर कर्माचार्य | ६ | २०७८।०६।०५ |
| ४ | सहायक प्रबन्धक | शेखर थापा क्षेत्री | ६ | २०७८।०८।०१ |
| ५ | उप प्रबन्धक | अनिल कुमार झा | ७ | २०७९।०३।१४ |

## आ.व. २०७९/८० को भाद्र मसान्तसम्म अवकाश भएका कर्मचारीहरुको विवरण

| सि.नं. | हालको पद | नाम थर | तह | अवकाश मिति |
|---|---|---|---|---|
| १ | उप प्रबन्धक | ध्रुव प्रसाद बल्ल | ७ | २०७९।०४।०२ |
| २ | प्रमुख रक्षक | अमर राज सुवेदी | ५ | २०७९।०४।१७ |
| ३ | सहायक प्रबन्धक | विणा कुमारी श्रेष्ठ(महर्जन) | ६ | २०७९।०४।२७ |
| ४ | का.मु.उप प्रबन्धक | बल्लभ प्रसाद फुयाल | ६ | २०७९।०५।०५ |

## SEE परीक्षा उत्तिर्ण कोषका कर्मचारीका छोराछोरीको विवरण

### छोरा तर्फ

| सि.नं. | विद्यार्थीको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | प्रसम अर्याल | 4.00 | मुकुन्द अर्याल | प्रबन्धक |
| २ | पुकार कडेल | 3.90 | रामचन्द्र कडेल | का.मु. प्रबन्धक |
| ३ | सम्वेग श्रेष्ठ | 3.85 | विजय कुमार श्रेष्ठ | मुख्य प्रबन्धक |
| ४ | युगेश श्रेष्ठ | 3.55 | टक बहादुर श्रेष्ठ | सहायक प्रबन्धक (क.) |
| ५ | सक्षम ढकाल | 3.35 | डम्मरा देवी अर्याल | सहायक प्रबन्धक |
| ६ | संकल्प सिंह | 3.35 | सागर कुमार सिंह | वरिष्ठ प्रबन्धक |

### छोरी तर्फ

| सि. नं. | विद्यार्थीको नामथर | SEE GPA | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | अदिति चन्द | 3.8 | नरेन्द्र बहादुर चन्द | उप प्रबन्धक (सि.ई.) |
| २ | अश्मी देवकोटा | 3.8 | पवित्रा न्यौपाने | सहायक प्रबन्धक |
| ३ | ग्रीष्मा घिमिरे | 3.45 | दधिराज घिमिरे | का.मु. उप प्रबन्धक (सि.ई.) |
| ४ | नितिशा नेपाल | 3.40 | निरञ्जन कुमार शर्मा | उप प्रबन्धक |
| ५ | जीविका कट्वाल | 2.95 | जीवन कुमार कट्वाल | का.मु. सह प्रशासक |

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

कर्मचारी सञ्चय कोषको ६१औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टिप्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता जनाउदै सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**क) संख्यात्मक विवरण:**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ५५ हजार | २७ हजार ८ सय |
| निवृत्तभरण कोष | ४५ हजार ८ सय ५० | १ हजार ९ सय ५० |

**ख) कोषका कार्यालयहरु:**

- केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर  ठमेल कार्यालय: त्रिदेवीमार्ग, ठमेल  लगनखेल कार्यालय : लगनखेल, ललितपुर
- शाखा कार्यालयहरु: विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरु: धनकुटा, सिंहदरवार र लगनखेल

**ग) आर्थिक वर्ष २०७८/७९ को वित्तीय अवस्था:**

| | | | |
|---|---|---|---|
| सञ्चय कोष | रु ४१६ अर्ब ३६ करोड | निवृत्तभरण कोष | रु ३ अर्ब १७ करोड |
| जगेडा कोष तथा बचत | रु ३४ अर्ब २० करोड | दायित्वहरु | रु ५ अर्ब ७० करोड |
| कूल स्रोत | रु ४५९ अर्ब ४३ करोड | कूल लगानी | रु ४४८ अर्ब ६४ करोड |

**घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरु:**

**ब्याज तथा मुनाफा :** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याज दर ८ प्रतिशत (आ.व. २०७९/८०), सञ्चय कोषमा मुनाफा ०.९० प्रतिशत (आ.व. २०७७/७८ मा वितरित)

**सापटी सुविधा:**

| विवरण | विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | सरलचक्रकर्जा | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रु १ करोडसम्म | रु १० लाख देखि रु २५ लाखसम्म | अधिकतम रु ३० लाखसम्म | अधिकतम रु. २५ लाखसम्म | अधिकतम रु. १ करोडसम्म |
| ब्याजदर (आ.व. ०७९/८० को लागि) | ९.१० प्रतिशत | ९.७५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत | ९.७५ प्रतिशत | १०.२५ प्रतिशत |

**ब्याजमा छुट:** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासिक रुपमा पाकेको ब्याजमा ०.२५ प्रतिशतले छुट दिने व्यवस्था गरिएको ।

**सामाजिक सुरक्षा सुविधाहरु:**

- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना:** सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू.१ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रु.१० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।
- **अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु:** सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम : प्रति प्रसुति रु.७,५००, दूर्घटना क्षतिपूर्ति योजना : निज वा निजको हकवालालाई रु.२ लाख, काजकिरिया अनुदान : हकवालालाई आर्थिक अनुदान स्वरुप रु.४० हजार प्रदान गरिने ।

**कर्मचारी सञ्चयकोष**
पुल्चोक, ललितपुर ।
फोन नं.: ५०१०१६५, ५०१०१६६
Website: www.epf.org.np
Call Center: 5970041

**सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**